वर्ष : १३, अंक : १४, काठमाडौं, २०७४ असार ३० गते शुक्रबार 14 July 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।– (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# संविधान संशोधन धरापमा कि राजपा चेपुवामा ?

## एमालेले राजपासँग दोस्ती बढाएर आफूमाथि लागेको मधेश विरोधीको 'ट्याग' हटाउन र आसन्न निर्वाचनमा फेरि पहिलो हुने दाउमा रहेको त छैन ? यदि एमालेको यहि रणनीति हो भने राजपा सजग हुनु पर्छ ।

**मधेशवाणी डेस्क**

काठमाडौं । संविधान जारी भएदेखि नै पानी बराबरको स्थितिमा रहेको प्रमुख प्रतिपक्षी दल एमाले र ६ मधेशी दलहरू मिलेर बनेको राजपा नेपालबीच अहिले सम्बन्ध सुधारको अवस्थामा पुगेको छ ।

प्रदेश नम्बर २ मा तेस्रो चरणको स्थानीय चुनाव नजिक आउन लागेकै अवस्थामा यी दुई शक्ति रणनीतिक ढंगबाट नजिक देखिएका हुन् । काँग्रेस र नेकपा माओवादी केन्द्रले यसअघि व्यक्त गरेका प्रतिवद्धताअनुसार संविधान संशोधन नगरी दुई चरणमा स्थानीय तहको निर्वाचन गरेपछि यी दुई शक्ति नजिक हुनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

संविधान संशोधनको बहानामा आफूहरूलाई बाहिर राखेर तेस्रो चरणको चुनाव गराउने योजना सत्ताधारी दल रहेको आशंका राजपाको रहेको छ । राजपा नेपाललाई चुनावभन्दा बाहिर राख्दा यसको फाइदा आफूलाई हुने कुरा काँग्रेस र माओवादी केन्द्रका नेताहरूको बुझाई छ ।

**एमालेको रणनीति**

उता एमालेले साथ नदिएसम्म संविधान संशोधन सम्भव नहुने राजपाको बुझाई छ । र, संशोधन नभए राजपा नेपाललाई चुनावमा सहभागी हुन गाह्रो छ ।

त्यहीं भएर पछिल्लो समय राजपा नेपाल र एमाले नजिकिएको विश्लेषण गरिएको छ । मधेशमा एमालेप्रति रहेको तिक्तता र विरोधी भावना हटाउन पनि उसलाई आसन्न प्रदेश नम्बर २ को निर्वाचन अघि राजपासँग दोस्ती बढाएर अगाडि बढ्ने रणनीतिमा एमाले रहेको छ ।

काँग्रेस र माओवादी केन्द्रले राजपालाई जानाजानी चुनावमा सहभागी हुन नदिएको र तेस्रो चरणको चुनावमा पनि सहभागी हुन नदिने योजना बनाउँदै गरेको विश्लेषण एमालेको छ भने राजपाले पनि यहि विश्लेषणका आधारमा एमालेसँग सम्बन्ध सुधार गरेर आफ्नो एजेन्डा स्थापित गराउने र आसन्न प्रदेश नम्बर २ को निर्वाचनमा सहभागी हुन सुरक्षित अवतरणको खोजीमा छ ।

**कांग्रेस-माओवादीको रणनीति**

यद्यपी, राजपा नेपाल र एमालेबीच दुरी रहोस् भन्ने सत्तापक्षको चहानाले यी दुई शक्तिले तोड्न सफल होला/नहोला अहिले नै भन्न सकिन्न । किनभने सत्ता पक्षले एक तीरबाट दुई निशाना लगाइरहेको बुझाइ दुवै एमाले र राजपालाई भएको छ ।

संविधान संशोधन गर्छु भन्ने तर त्यसका लागि एमालेलाई दोष देखाएर संशोधनबाट पन्छिने रणनीति बनाएको सत्ता पक्षले राजपाबिना नै तेस्रो चरणको निर्वाचन गराएर उसलाई अझ गलाउने, थकाउने र कमजोर बनाउने दाउमा छ ।

अर्को, मधेशप्रतिको कडा व्यवहार र अभिव्यक्तिले मधेशी जनता आक्रोशित भएको अवस्थामा राजपासँग सम्बन्ध सधार गरेर, एमाले पहिलो र दोस्रो चरणझैं तेस्रो चरणको निर्वाचनमा पनि पहिलो हुने रणनीतिअन्तर्गत राजपासँग नजिकिएका हुन् । अब सत्ता पक्ष र विपक्षी दलको रणनीति प्रष्ट भइ सक्दा पनि राजपा अन्यौल रहनु दुर्भाग्य हो ।

एमालेसँगको वार्तामा उ संशोधन गर्न तयार नभएको हो भने सम्बन्ध सुधारको अर्थ के भन्ने कोणबाट विश्लेषण हुन थालिएको छ कि एमालेले राजपासँग दोस्ती बढाएर आफूमाथि लागेको मधेश विरोधीको 'ट्याग' हटाउन र आसन्न निर्वाचनमा फेरि पहिलो हुने दाउमा रहेको त छैन ? यदि एमालेको यहि रणनीति हो भने राजपा सजग हुनु पर्छ ।

**के राजपा चेपुवामा परेको हो ?**

हालै सत्ता पक्ष र विपक्षी एमालेसहितको बैठकमा एमालेले संविधान संशोधनमा सहयोग गर्न नसकिने पुरानै अडान दोहऱ्याएपछि सरकार तत्काललाई संशोधन प्रक्रिया अघि नबढाउने निष्कर्षमा पुगेको छ । यद्यपी सरकार र सत्तापक्ष तेस्रो चरणको निर्वाचन पछि संशोधन गर्ने भनेर एमालेकै लाइनमा उभिएको छ ।

तेस्रो चरणको निर्वाचन अघि संविधान संशोधन नहुने करिब करिब पक्का भएपछि अब राजपाले के गर्ला ? सबैको चासोको विषय बनेको छ । उसले अघिल्ला दुई चरणकै निर्वाचन जस्तै तेस्रो चरणको निर्वाचन पनि वहिष्कार गर्छ, आन्दोलन गरेर निर्वाचनै हुन नदिने कि देशको तरल राजनीतिक अवस्थालाई स्वीकार गरी नि:शर्त निर्वाचनमा भाग लिने ? यावत प्रश्नहरूको जबाब अहिले स्वयं राजपासँग छैन ।

मधेशकै दुई प्रमुख पार्टीहरू नेपाल लोकतान्त्रिक फोरम र संघीय समाजवादी फोरम यसअघि नै चुनावमा गइसकेका छन् । राजपाले दुबै फोरमलाई मधेशी जनताको हितमा सम्झौता गरेर चुनावमा गएको आरोप लगाउँदै आएको छ ।



शेरबहादुर देउवा



महन्थ ठाकुर



केपी शर्मा ओली

अहिले आफूहरू पनि संशोधनबिनै चुनावमा जानुपर्ने अवस्था आएपछि राजपा ठूलो चेपुवामा परेको छ ।

यो अवस्थामा कसरी अघि बढ्ने भन्नेमा राजपा आफैं पनि विभाजित छ ।

राजपाका बहुसंख्यक नेता कुनै उपाय निकालेर चुनावमा जाने पक्षमै देखिन्छन् । तर त्यो उपाय के हो भन्ने छुट्याउन सकेका छैनन् ।

राजपाका नेताहरूको अर्को अप्ठ्यारो भनेको कार्यकर्ताहरू 'फिल्ड'मा चुनावका लागि खुट्टा उचालेर बसेका छन् । पश्चिम मधेशमा भएको दोस्रो चरणको चुनाव राजपाले बहिस्कार गरेको भए पनि धेरै कार्यकर्ताले स्वतन्त्र रूपमा चुनाव लडेका थिए । तीमध्ये केहीले चुनाव जितेर स्थानीय प्रतिनिधि पनि बनेका छन् ।

**अब के गर्ला राजपा ?**

तेस्रो चरणको चुनावमा सहभागिता जनाउन दल दर्ता गरेको राजपाले असार मसान्तभित्र संविधान संशोधन पारित गर्न अल्टिमेटम दिएको छ । तर असार मसान्त भित्र संशोधन पारित नहुने निश्चित भएको छ । त्यसैले राजपाले दोधारे अवस्थाबाट मुक्त भएर एउटा ठोस निष्कर्षमा पुग्नु जरूरी छ । किनभने तेस्रो चरणको निर्वाचनमा भाग लिनु वा वहिष्कार गर्नु दुबै उसका लागि घातक छ । यदि निर्वाचन वहिष्कार गऱ्यो भने उसले स्थापित जनादेशबाट टाढिन्छ भने आउने प्रदेश र संघीय संसदको निर्वाचनमा पनि कमजोर हुनेछ । तर यदि तेस्रो चरणको निर्वाचनमा जाने हो भने त्यसको कुनै आधार रहेको देखिन्न । उसलाई पहिलो र दोस्रो चरणको निर्वाचन किन वहिष्कार गरेको भनेर पुष्टि गर्न गाह्रो छ । त्यसैले अबको बाटो उसका लागि चुनौतीले भरिएको छ ।

### संविधान संशोधन नहुने प्राय: निश्चित

काठमाडौं । दुई तिहाइ मत नपुग्ने भएपछि संविधान संशोधन विधेयकलाई तत्काल मतदानमा नलैजाने निर्णयमा सरकार पुगेको छ । एमालेसँगको बैठकपछि सरकार यस्तो निर्णयमा पुगेको हो । एमालेसँग वार्तापछि प्रधानमन्त्री शेरबहादुर देउवाले दुई तिहाइ नपुग्ने भएपछि अब संविधान संशोधनको सट्टा मन्त्रिपरिषद् विस्तार गर्ने मनस्थितिमा पुगेका छन । सरकारको पछिल्लो निर्णयबाट आक्रोशित राजपा अध्यक्षमण्डलका नेता राजेन्द्र महतोले 'सरकारले आफूहरूलाई प्रक्रियाभन्दा बाहिर राख्न अनेक निहुँ बनाइरहेको' आरोप लगाए । राजपाका नेताहरूले यसअघि संशोधन पारित हुने गरी तत्काल अघि बढाउन सत्तारूढ शीर्ष नेतालाई दबाब दिँदै आएका थिए । बालुवाटारमा प्रधानमन्त्री देउवाले एमालेले असहयोग गरेको बताएपछि महतोलगायत अन्य राजपा नेताहरू आक्रोशित भएका छन् ।

**राजपाको घोषणापत्र पूर्णपाठ, पृष्ठ ४ मा**

**राजपाको केन्द्रीय समिति (नामावली) पृष्ठ ५ मा**

### राजपाको आठ सय १५ सदस्यीय केन्द्रीय समिति

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालले आठ सय १५ सदस्यीय केन्द्रीय कार्यसमिति निर्वाचन आयोगमा बुझाएको छ । ६ मधेशकेन्द्रित दलहरू एकीकृत भई निर्माण भएको राजपा नेपालले यस्तो जम्बो केन्द्रीय समिति निर्माण गरेको हो । राजपा नेपालका शीर्ष नेताहरूले बुधबार आयोगको केन्द्रीय कार्यालयमा बुझाएको केन्द्रीय कार्य समितिमा १३४ पदाधिकारी मात्र रहेका छन् भने ६८१ जना केन्द्रीय सदस्य छन् । राजपामा अध्यक्ष ६ जना, वरिष्ठ नेता तीनजना, वरिष्ठ उपाध्यक्ष आठजना, उपाध्यक्ष २४ जना, महासचिव ३१ जना, सहमहासचिव ३४ जना, सचिव १२ जना, कोषाध्यक्ष ५ जना रहेका छन् । त्यस्तै, सहकोषाध्यक्ष दुईजना रहेका छन् भने प्रवक्ता र सहप्रवक्ता ६-६ जना रहेका छ । त्यसमा केन्द्रीय सदस्य ६८१ रहेका छन् ।

### विधेयक परिमार्जन गर्न फोरमको माग



उपेन्द्र यादव

काठमाडौं । संघीय गठबन्धनले सरकारलाई एक वर्षअघि बुझाएको २६ बुँदे प्रस्तावका आधारमा संविधान संशोधन विधेयक परिमार्जन गर्न संघीय समाजवादी फोरम नेपालले माग गरेको छ । राजधानीमा सकिएको पार्टीको दुईदिने बैठकले यस्तो माग गरेको हो । फोरमले संविधान संशोधन नहुँदै दोस्रो चरणको स्थानीय चुनावमा भने भाग लिइसकेको छ । 'संघीय गठबन्धन र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाद्वारा सरकारसमक्ष प्रस्तुत २६ बुँदे प्रस्तावका आधारमा समानुपातिक समावेशीकरण, राष्ट्रिय पहिचानको मान्यता, समान भाषिक अधिकारका साथै प्रदेशको संख्या र सीमांकनलगायत मधेशी, आदिवासी जनजाति, दलित, महिला, मुस्लिम, थारू तथा अल्पसंख्यक एवं सीमान्तकृत समुदायसँग सम्बन्धित राष्ट्रिय समस्याहरूको समाधान र सम्बोधन हुने गरी संविधान संशोधन गरिनुपर्छ' उपेन्द्र यादवको अध्यक्षतामा बसेको फोरम बैठकको निर्णयमा भनिएको छ, 'तत्कालीन परिस्थितिमा स्थानीय तहको निर्वाचनमा सहभागिताको प्रयोजनका लागि स्थानीय तहको निर्वाचनअगावै संसद्मा पेस गरिएको अधुरो र अस्पष्ट संविधान संशोधन विधेयकले राष्ट्रिय समस्याहरूको समाधान नहुने भएको हुँदा उक्त विधेयकलाई समस्याहरूको समाधान हुने गरी परिमार्जन गरी संविधान संशोधन एवं पुनर्लेखन गरिनुपर्छ ।'

## मधेशको समस्या समाधानमा एमालेको विशेष अग्रसरता हुँदैछ : ओली



केपी शर्मा ओली

काठमाडौं । संविधान संशोधन मुलुकको हितमा नरहेको भन्दै आएका नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले मधेशको समस्या समाधानका लागि आफ्नो पार्टी विशेष ढंगबाट अग्रसर हुन लागेको दाबी गरेका छन् । बिहीबार मधेशका बुद्धिजीबीहरूलाई बोलाएर आयोजना गरेको एक अन्तरक्रिया कार्यक्रममा ओलीले यस्तो दाबी गरेका हुन् । उनले संविधान संशोधनलाई सत्तापक्षले एमालेविरूद्ध प्रहार गर्ने हतियारमात्र बनाएको तर मधेशको समस्या समाधान गर्न नचाहेको आरोप लगाए । ओलीले एमालेलाई सहमतिमा ल्याएर संविधान संशोधन गराउन सरकारले नचाहेको बताए । उनले एमालेले मानेन भनेर राजनीति गर्न खोजेको आरोप लगाउँदै एमालेको साथ लिनुको साटो सरकार एक सिटे दललाई मन्त्री बाँडेर दुई तिहाई पुऱ्याउने तमासा देखाउन लागेको बताए ।

## २४० ब्युत्याउने खेल

काठमाडौं । प्रमुख दलका शीर्ष नेताहरूले हालकै २ सय ४० निर्वाचन क्षेत्र राख्ने तयारीमा लागेका छन् । संविधानअनुसार निर्वाचन क्षेत्र निर्धारण आयोगमार्फत नयाँ निर्वाचन क्षेत्र कायम गर्नुको सट्टा प्रधानमन्त्रीसहितका नेताहरूले अहिले कायम रहेको २४ क्षेत्रलाई नै आधार बनाउने आन्तरिक तयारी थालेका हुन् । यदि अहिलेको अवस्थामा २४ निर्वाचन क्षेत्र कायम भयो भने देशभर केन्द्रीय र प्रादेसिकसहितका सांसदहरूको संख्या कबिर १ हजार २ सय ५९ पुग्नेछ । प्रधानमन्त्री निवासमा भएको बैठकमा औपचारिक प्रवेश पाएको सांसद संख्या बढाउने विषय अघि बढी त्यसैअनुसार संविधान संशोधन गरिए राज्यकोषमा अर्बौंको व्ययभार थपिनेछ ।

संघीय संसद्को तल्लो सदन प्रतिनिधिसभाको प्रत्यक्षतर्फको सिट संख्या २ सय ४० कायम गर्ने हो भने यो अनुपातमा समानुपातिक सिट संख्या थपिन पुग्छ । एक प्रतिनिधिसभा निर्वाचन क्षेत्रलाई प्रदेशसभाको दुई क्षेत्र निर्धारण गर्ने, संघीय संसदमा जस्तै प्रदेशसभामा पनि प्रत्यक्ष र समानुपातिक सिटको अनुपात ६०/४० हुने संवैधानिक व्यवस्था छ । तत्कालको सजिलोका लागि संविधान संशोधन गरी प्रतिनिधिसभाको प्रत्यक्षतर्फको सिट संख्या २ सय ४० राखिए संघीय संसद् र ७ प्रदेशका प्रदेशसभाका सांसदहरूको संख्या १ हजार २ सय ५९ पुग्नेछ । संविधानले सांसद संख्याको दस प्रतिशतभन्दा थोरै हुने सिद्धान्तमा संघीय मन्त्रिपरिषद्को संख्या २५ मा सीमित गरेको छ । सांसदको संख्या बढाउँदै जाँदा नेताहरूको सहजताका लागि मन्त्रिपरिषद्को संख्या पनि थपिन सक्छ ।

**समय-सन्दर्भ**

**विजय यादव**



## स्थायी समाधानको पर्खाइमा बाढीपीडित

**बाढी पीडितहरूका लागि विभिन्न संघसंस्थाले खाद्यन्न सामग्री, लत्ताकपडाका साथै पानी शुद्धिकरण गर्ने फिल्टर जस्ता सामानहरू राहत स्वरूप प्रदान त गरे तर दीर्घकालीन रूपमा बाढी पीडितको समस्याको समाधानको बाटो भने कसैले दिएन ।**

झन्डै एक दशकअघि कोशी नदीमा आएको बाढीले कोशी आसपासका जिल्लाहरूमा धेरै ठूलो क्षति पऱ्याएको थियो । कयौं जना घरबारविहीन भए, खेतका बाली-नाली नष्ट भए, महामारी फैलिए र त्यस क्षेत्रका जनताहरू भोकमरीका शिकार हुन पुगेका थिए । हजारौं मानिसहरू त्यस क्षेत्रबाट एक किसिमले पलायन नै भए । त्यसपछि हरेक साल यस्तै बाढीका कहरले त्यस क्षेत्रका बासिन्दाहरूलाई पिरोलीरहेको छ । दशकौं बितिसक्दा पनि तिनीहरूको दु:खमा मल्हम लगाउन कोही पनि आएका छैनन् । आश्वासन भने सरकारी वा गैरसरकारी संस्थाबाट आए पनि तिनीहरूको पीडामा कुनै कमी भने आएको छैन ।

दशकौं बितिसक्दा पनि त्यस क्षेत्रका बासिन्दाहरूलाई बाढीको समस्याले हरेक वर्ष सताइरहेको छ, उनीहरूलाई आफ्नो परिवारको भोक टार्न पनि धौ-धौ परिरहेको छ । बाढी आएको बेला चुरा, चाउचाउ जस्ता राहत वितरण गरेर जान्छ तर फेरि पनि उनीहरूको पीडा त्यहीं पुरानो नै हुन्छ । मुलुकमा राणा शाषण जस्तो जहानियाँतन्त्र पनि हट्यो । राजतन्त्रको अन्त्य हुँदै, लोकतन्त्र गणतन्त्र जनतन्त्र पनि आयो तर ती बाढीपीडितहरूको बस्तीमा खुसियाली भने हराएको वर्षौ भइसक्यो ।

सप्तरीमा वर्षात्का बेला नदी तथा अन्य खहरे खोलामा आउने बाढीले स्थानीयवासी विस्थापित हुन्छन् । पानीको बहाव कम भएसँगै प्राय: स्थानीयवासी घरमा फर्किन्छन् । तर कोशी लगायतका नदीको कटानबाट पूर्णरूपमा सप्तरीका आधा दर्जन भन्दा बढी गाविसका केही परिवार पूर्णरूपमा विस्थापित भएर सामुदायिक वन, सडक किनारा र आफन्तको शरणमा बाँचिरहेका छन् ।

सप्तरीका केही गाविसका झण्डै दर्जनौं परिवार अझै पनि आफ्नो घरभन्दा बाहिर बस्न बाध्य छन् । महिला बालबच्चासहित बाढीपीडित जब बाहिर बस्नु पर्ने त्यसको पीडाको मूल्य कस्तो होला ? विचारनीय प्रश्न बनेको छ ।

राति पानी पर्यो भने विहानैदेखि डुबानको त्रास हुन्छ । सप्तरीको स्थानीय बासिन्दाहरूमा कतिपय घरहरू डुबानमा परेकोले भत्किएर अब बस्न लायक नै रहेको छैन ।' गत असारको १५-१६ गते आएको बाढीले सप्तरीका कयौं गाविसका मानिसहरूमा उठीबास ल्याइसकेको छ । बाढी आएको केही सप्ताहमै महामहिम प्रधानमन्त्री देउवा र गृहमन्त्री जर्नादन शर्माले स्थलगत निरीक्षण पनि गरेका थिए । तर त्यहाँका जनताहरू अहिले पनि त्रसित छन् । दीर्घकालीन रूपमा बाढीबाट बच्नका लागि राज्यले कुनै योजना नै ल्याएको छैन । प्रधानमन्त्रीको भ्रमणले बाढीपीडितको घाऊमा झन् पीडा बढाउने काम भएको जानकारहरू बताउँछन् ।

तीन दिनको अबिरल वर्षासँगै सप्तरीका नदीमा पछिल्लो एक दशक यताकै उच्च बहाब आएको बाढीले सप्तरी जिल्लाको खाँडो, महुली, जीता, त्रियुगा नदीमा बाँध भत्काएर रूपनी गाउँपालिकाको पौवाँ पिप्राही, सहित बसबिटी, मलेठ, जगदरी, लौनियाँ, मैनाकडेरी, वसविट्टि, तिलाठी, पौंवा, मुसहरनिया पिपराही, रायपुर, लौनियाँ, रूपनी, पकरी, रम्पुरा, मल्हनियाँ, राजविराज, तिलाठी, सकरपुरा लगायत गाउँहरूको सयौं घरहरू डुबानमा परेका थिए ।

बाढी पीडितहरूका लागि विभिन्न संघसंस्थाले खाद्यन्न सामग्री, लताकपडा र साथै पानी शुद्धिकरण गर्ने फिल्टर जस्ता सामानहरू राहत स्वरूप प्रदान त गरे तर दीर्घकालीन रूपमा बाढी पीडितको समस्याको समाधानको बाटो भने कसैले दिएन । जिल्ला विपद व्यवस्थापन समितिको तथ्यांक अनुसार सयौं परिवार बाढीको कारण विस्थापित भएका छन् । बाढीले त्यस क्षेत्रका सयौं विघा जग्गा डुबानमा परेपछि गृहमन्त्रालयले सार्वजनिक गरेको तथ्याङ अनुसार १५ करोड बराबरको क्षति भएको हो । त्यहाँका किसानहरूको बिच्चली परेको छ । बाढीले ल्याएको वालुवा माटोले पुरिएर किसानहरूले लगाएको वाली नष्ट हुनुको साथै माटोको उर्वराशक्ति पनि नष्ट भएर गएको छ ।

प्रधानमन्त्री र गृहमन्त्रीको स्थालगत निरीक्षणमा १५ लाख ऋण सहुलियत र २५ हजार टहरा निर्माण गर्नका लागि घोषणा गरेका थिए । गत साता मन्त्री परिषद्को बैठकले पनि पास गरेको थियो ।



# सम्पादकीय



## संविधान संशोधनको सकस

यतिखेर संविधान संशोधनको विषय सबैभन्दा पेचिलो बनेको छ। राजनीतिक वृत्तमा संशोधनमा सहमति गर्ने र नगर्ने बीचको द्वन्द्व चरम छ। सत्तारूढ दललाई संशोधन गरेर अघि बढ्नु परेको छ भने प्रमुख प्रतिपक्षी नेकपा एमालेलाई त्यसको विरोध गर्नु छ। त्यो विरोधको स्वरमा स्वर मिलाउनेमा नेकपा-माले, नेमकिपा, राष्ट्रिय जनमोर्चालगायतका साना दल रहेका छन्। यस्ता राजनीतिक रस्साकस्सीबीच सरकारले संशोधन विधेयक पास गर्ने तयारी गरिरहँदा पनि आवश्यक दुई तिहाइ जुटाउन नसक्दा संशोधन विधेयक पारित हुने वा नहुने निश्चित छैन। पछिल्लो समय प्रतिपक्षी एमालेले भने प्रदेश विभाजन मात्र होइन संविधन संशोधन नै कसैको इशारा तथा आदेशबमोजिम हुन लागेको भन्दै त्यसको विरोध गर्दै आएको छ। मुलुक सञ्चालन गर्ने कुनै पनि नीतिनियम लागु गर्न गणितीय बहुमत मात्र पर्याप्त नहुने दृष्टान्त ९० प्रतिशतभन्दा बढी सभासद्ले हस्ताक्षर गरेको नेपालको संविधान २०७२ प्रतिको असन्तुष्टिले देखाइसकेको छ। अहिले सत्तारूढ दलले पनि मधेशीलगायत अन्य दलको समर्थनमा संविधान संशोधनको जुन प्रयत्न गरिहेको छ, त्यसले पनि मुलुकको राजनीतिक संक्रमणलाई किनारा लगाउन सक्ने छाँट छैन। यसकारण पनि सत्तापक्षले एमालेसँग छलफल गरी संशोधन अघि बढाउन सक्दा त्यो व्यावहारिक हुने देखिन्छ।

> अहिले राजपा र एमालेबीच भएको भनिएको वार्ताहरूले संशोधन विधेयकलाई पारित गराउन सक्ने सकारात्मक सन्देश त दिएको छैन तर यस्ता वार्ताहरू सत्तापक्ष र राजपाबाट निरन्तर भइरह्यो भने निश्चित रूपमा एमाले पनि लचिलो भएर आउन सक्ने सम्भावना छ।

सरकारले स्मरण गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण पक्ष भनेको संविधान संशोधनले नयाँ कलहको बीउ नरोपोस् भन्ने हो।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री निर्वाचित भएको एक महिना पुगिसके पनि आफ्नो घोषित एजेन्डामा पुग्न सक्नुभएको छैन। देउवा नेतृत्वको सरकारले मुख्य गरी अघि सारिएको विषय थियो : संविधानलाई संशोधन गरी सर्वस्वीकार्य बनाउने र राजपा नेपाल सहितको सहभागितामा दोस्रो चरणको निर्वाचन सम्पन्न गर्ने। यद्यपी देउवा नेतृत्वको सरकारले दोस्रो चरणको निर्वाचन त सम्पन्न गर्‍यो तर राजपालाई ल्याउन सकेन। यस्तै, सरकार अहिले पनि संशोधन विधेयकलाई अगाडि बढाउन सकेको छैन। २०७२ असोज ३ गते संविधान जारी नहुँदैदेखि असन्तुष्ट बनेर बाहिरिएका मधेशी दलहरूलाई सन्तुष्ट पार्ने गरी संविधान संशोधन गर्छु भन्ने मुख्य एजेन्डा सरकारको छ।

पूर्ववर्ती ओली नेतृत्वको सरकार होस् वा प्रचण्ड नेतृत्वको, त्यसका प्रधानमन्त्रीहरू यस मामिलामा कठोर बनेका कारण मुलुकको समस्या समाधान नभएको प्रष्ट भएको छ। त्यही आशमा राजपा नेपालसहित अन्य मधेशी दलहरूले देउवालाई सशर्त मतदान पनि गरेका छन्। तर अहिले एक महिनाको अवधि पार भइसक्दा पनि संविधान संशोधनका लागि सरकार अघि बढ्न सकेको छैन।

संविधान जारी हुने बित्तिकै तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको सरकारले सत्ता साझेदार नेकपा (एमाले) सँग परामर्शसमेत नलिएर दुई बुँदे संशोधन प्रस्ताव संसदमा पेस गरेको थियो। पछि उक्त सरकार हट्यो र नयाँ सरकार बन्यो। हरेक पटक नयाँ सरकार बने पनि उसको पहिलो प्रतिवद्धता संविधान संशोधन गर्नु नै रहेको छ र शनैःशनैः असफल पनि हुँदै गएको छ। अब पालो प्रधानमन्त्री देउवाको छ, पूर्ववर्ती प्रधानमन्त्रीहरू जस्तै असफल हुने कि सफल भएर कोशेढुङ्गा बन्ने, हेर्न बाँकी छ।

संविधान संशोधन गर्न दुई तिहाई मत आवश्यक पर्दछ, जुन सत्तारूढ गठबन्धनसँग छैन। प्रमुख प्रतिपक्ष नेकपा (एमाले) संविधान संशोधनका पक्षमा छैन। एमाले र अन्य साना दलहरू मिलाउँदा एक तिहाईभन्दा बढी मत यिनीहरूसँग रहन्छ। यस पृष्ठभूमिमा प्रधानमन्त्रीले ज-जसलाई आश्वासन दिए पनि वा राजपाले जति हुटहुटी लगाए पनि संविधान संशोधन हुने सम्भावना रहँदैन। आफूलाई सत्ताबाट हटाइयो भनेर आक्रोशित भएको विपक्षी नेतृत्व सत्तापक्षबाट आफ्नो अनुकूल ल्याएको प्रस्तावमा सहजै सहमत हुँदैन भन्ने अनुमान त यसै पनि सत्तापक्ष र स्वयं राजपालाई हुनुपर्ने हो। त्यस विश्लेषणका आधारमा यदि साँच्चै संविधान संशोधन गर्ने चाहेको हो भने विपक्षी दलसँग सघन संवादको प्रक्रिया अघि बढाउनु पर्छ तर सत्ता पक्षबाट त्यस्तो भएको देखिँदैन।

यद्यपी, अहिले राजपा र एमालेबीच भएको भनिएको वार्ताहरूले संशोधन विधेयकलाई पारित गराउन सक्ने सकारात्मक सन्देश त दिएको छैन तर यस्ता वार्ताहरू सत्तापक्ष र राजपाबाट निरन्तर भइरह्यो भने निश्चित रूपमा एमाले पनि लचिलो भएर आउन सक्ने सम्भवना छ।

## सातको सात बात



मधेशका जति पनि समस्या देखिएका छन्, त्यसलाई हाउसबाटै समाधान गरेर जानुपर्छ। मधेशको शक्ति कमजोर होला तर उसलाई छोडेर अन्य दल मात्र एक्लै अघि बढ्न मिल्दैन। मधेशलाई समेटेर चुनावमा लग्नुपर्ने हुन्छ। **डा.रामवरण यादव (पूर्वराष्ट्रपति)**



हामी राजनीतिक गतिरोध टुंग्याऔं भनेर भनिरहेका छौं, आवश्यक सहयोग गर्न तयार छौं। कांग्रेसले एमालेललाई मधेशविरोधी चित्रित गर्दै राजपालाई चुनावमा आउनबाट रोक्ने षड्यन्त्र गरिरहेको छ। **केपी शर्मा ओली (अध्यक्ष, नेकपा एमाले)**



संविधान संशोधन प्रस्तावलाई भोटिङमा लगेर एमालेलाई 'एक्सपोज' गरौं भने पनि एमाले आफैंले संशोधन हुन दिन्नौं भनेकाले अहिलेलाई संशोधन प्रस्ताव यथास्थितिमा राख्नु उपयुक्त होला। **महन्थ ठाकुर ( अध्यक्षमण्डलीय संयोजक, राष्ट्रिय जनता पार्टी नेपाल)**



अबको संविधान संशोधन मुलुकका अहिलेसम्मको समस्या समाधान हुने गरी हुनुपर्दछ। वर्तमान संविधान संशोधन प्रस्ताव अपुरो, अधुरो र अदूरदर्शी छ। **उपेन्द्र यादव (अध्यक्ष, संघीय समाजवादी फोरम, नेपाल)**



यदि मधेशमा राजपाको स्थान कस्तो छ भनेर जाँच्नु छ भने संविधान संशोधनसहित मधेशी र जनजातिको समस्या हल गरेर चुनाव गराएर अघि बढौं न अनि कसको शक्ति कत्तिको छ भनेर थाहा पाइएला। राजेन्द्र महतो **(अध्यक्ष मण्डलका नेता, राष्ट्रिय जनता पार्टी नेपाल)**



यही अवस्थामा अघि बढियो भने प्रदेश नम्बर २ को चुनाव कठिन छ तर सरकारले चाहायो भने हुन्छ। सत्यचाहिँ के हो भने सरकार चुनाव गराउन भन्दा संविधान कार्यान्वयन गराउन खोजिरहेको छ। यसमा कांग्रेस, एमाले र माओवादी मिलेका छन् भने विजय गच्छदार र उपेन्द्रजीको पार्टी टाँसिन पुगेका हुन्। **हृदयेश त्रिपाठी (वरिष्ठ नेता, राष्ट्रिय जनता पार्टी नेपाल)**



भारतीय उत्पादनले नेपालमा सहज रूपमा प्रवेश पाउने गरेको छ भने नेपाली उत्पादनहरूले भारतमा प्रवेश गर्दा सिमानामा औपचारिक तथा अनौपचारिक समस्याहरू भोग्ने गरेका छन्। नेपाल र भारतका व्यापार, वाणिज्य तथा पारवहनका ऐतिहासिक विषयहरूमा गहन छलफल हुन जरूरी छ। **दीपकुमार उपाध्याय (भारतका लागि नेपाली राजदूत)**

*प्रस्तुती : संगीता रेग्मी*

# उकुसमुकुसमा मधेश

**राजपाको सहभागिता विना २ नं. प्रदेशमा निर्वाचन हुनै सक्दैन भने होइन। राज्यले आफ्ना सुरक्षा निकायहरूको प्रयोग गरेर निर्वाचन गराउन सक्नेमा कुनै शंका नै छैन तर बन्दुकको वलमा सम्पन्न गराउन खोजेको निर्वाचन सहज वातावरणमा सम्पन्न हुन सक्दैन।**



ललित कुमार यादव

संविधान घोषण हुने वेला देखि नै मधेश केन्द्रित दलहरूले असन्तुष्टि जनाउँदै आइरहेका छन। संविधान घोषणा गर्ने वेलामा प्रमुख तिन दलका शिर्ष नेताहरूले मधेशको असन्तुष्टिलाई संशोधन मार्फत सम्वोधन गर्न तयार रहेको उद्घोष गरेकै हुन। संविधान घोषणा भइरहदा मधेशका जनताहरू कालो झण्डाका साथ सडक तताउँदै थिए। संविधानमा आफ्ना मागहरू नसमेटिएको भन्दै मधेशी जनताहरूले सडक तताउन कुनै कसर वाँकी राखेका थिएनन। मधेशमा आन्दोलन र कर्फ्युको क्रम जारी रहेकै अवस्थामा संविधान घोषणा भयो। संविधान घोषणा पश्चात पनि निकै दिनसम्म कुनै न कुनै रूपमा आन्दोलन नै रहेको छ।

जनताको चाहना अनुसार संविधान संशोधन गर्नु पर्छ। गर्न सकिन्छ। यसमा कसैले विमति राख्नु हुँदैन। संविधान संशोधन गर्न पाइदैन र गर्न मिल्दैन कसैले भन्न सक्दैन। संविधान घोषणा भएको २ वर्ष पुरा हुनै लागेको छ। यस अवधिमा मधेशको असन्तुष्टिको सम्वोधन भई सक्नुपर्ने हो तर विडम्वना मधेश अहिले सम्म उकुसमुकुस कै अवस्थामा रहेको छ। मधेशलाई उकुसमुकुसमा राखेर संविधान कार्यान्वयन गर्न सकिदैन। संविधान कार्यान्वयन हुन सकेन भने राष्ट्रनै संकटमा फस्न सक्ने खतरा रहेको छ। हाम्रा नेताहरूलाई पनि यसको राम्रै ज्ञान रहेको हुनुपर्छ। मधेश केन्द्रित दलहरूले २ वर्ष देखि उठाउदै आएको संविधान संशोधनको माग सम्वोधन नगरी मधेशलाई राजनितिक स्थिरताको वाटोमा लान कठिन छ। मधेशको राजनितिक अस्थिरताले सम्पूर्ण नेपालकै राजनितिलाई प्रभावित गरी रहेको छ र गरी रहनेछ।

मुलुक अहिले संविधान कार्यान्वयन गर्ने क्रममा रहेको छ। यसकै पहिलो खुड्किलाको रूपमा स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने अन्तिम क्षणमा आइपुगेको छ। स्थानीय तहको निर्वाचन पूर्ण रूपमा सम्पन्न हुन २ नं. प्रदेशमा निर्वाचन सम्पन्न गर्न वाँकी रहेको छ। २ नं. प्रदेशमा निर्वाचन सम्पन्न नगरी मुलुक प्रदेशिक र केन्द्रिय संसदको निर्वाचनमा प्रवेश गर्न सक्दैन। २ नं. प्रदेशको स्थानीय तहको निर्वाचन अहिले पनि अन्योलमा नै छ। सुरूमा वैशाख ३१ कै लागि तय गरिएको २ नं. प्रदेशको स्थानीय तहको निर्वाचन दोस्रो चरणमा सारियो र अहिले तेस्रो चरणमा गर्ने गरी असोज २ को मिति तय गरिएको छ। यसरी पटक पटक निर्वाचन सार्नुको मूख्य कारण सरकारले राजपाको सहभागीतालाई देखाउँदै आएको छ। राजपा संविधान संशोधन नभइ निर्वाचनमा नजाने वटम लाइनमा उभिएको छ। यस अघि निर्वाचन सारिएको अवधिलाई सरकारले सदउपयोग नगर्न सक्दा २ नं. प्रदेशमा दोस्रो चरणमा पनि निर्वाचन सम्पन्न हुन सकेन। अव तेस्रो चरणको निर्वाचन आउन २ महिनाको समय वाँकी रहेको छ। यो २ महिनाको समयलाई सरकारले उपयोग गर्न नसकेमा २ नं. प्रदेशको निर्वाचनको अन्योलता कायमै रहनेछ। सरकारले राजपालाई सहभागी गराउन कै लागि २ नं.प्रदेशमा निर्वाचन सारिएको भन्दै आएका छन। यसमा कतिको सत्यता हो ? त्यो समयले नै प्रमाणित गर्नेछ। यदि सरकारले राजपाको सहभागीता विना २ नं. प्रदेशमा निर्वाचन गराउन नखोजेकै हो भने फेरि अहिले किन संशोधनवाट पछि हट्न खोजेको छ ? यो आफैमा गम्भिर प्रश्न हो। सरकारसँग संशोधन गराई छाड्ने उपाय थिएन भने २ नं. प्रदेशको निर्वाचन सार्ने निर्णय लिनु नै भुल थियो। निर्वाचन सार्ने, निर्वाचन सारेको अवधिमा संशोधन पनि नहुने र राजपा संशोधन विना निर्वाचनमा सहभागिता नहुनेे यस्तो अवस्थामा सरकारले कसको लागि र किन निर्वाचन नसार्ने निर्णय लियो ? सरकारसँग यो प्रश्नको जवाफ सायदै छ होला। अहिलेको नेपाली कांग्रेस र माओवादी केन्द्र गठवन्धनको सरकारले प्रचण्डको कार्यकाल देखि नै संविधान संशोधन गर्ने प्रयास गरेको देखिन्छ तर सफल हुन सकेको छैन। आफुसँग दुई तिहाइ बहुमत नभएपनि सरकारले निर्वाचन सारेर संविधान संशोधन गर्ने आँट गर्नु हुँदैन थियो। आँट गरीसके पछि संशोधन गरेर सहज वातावरणमा निर्वाचन सम्पन्न गर्न सक्नु पर्छ सरकार पूर्ण इक्षा शक्तिले लाग्ने हो भने संशोधन असम्भव छैन। यसको लागि राप्रपालाई विश्वासमा लिन सक्नु पर्छ। अहिले सम्म राप्रपा संशोधनको पक्षमा सकारात्मक नै छ। कमि छ त सरकार र राप्रपा विच गम्भिर छलफल र लेनदेनको मात्र। सरकारले यस विषयमा साना दलहरूसँग पनि गम्भिर भएर छलफल गर्न जरूरी छ। जुन गम्भिरता सरकारमा देखिएको छैन।

प्रतिपक्षी एमालेका नेताहरू मधेश विरोधी पार्टि नरहेको प्रमाण दिँदै हिडेको देखिन्छ र भेटिन्छ। एमालेमा पनि मधेशी नेता कार्यकर्ताहरू रहेको छ। एमाले मधेश विरूद्ध खनिएमा उसको संगठन भित्र पनि विद्रोह हुन सक्छ। मधेशलाई पछाडि पारेर नेपालको विकास गर्न सोचले देश विकशित हुन सक्दैन। यसमा कसैको फरक मत हुन सक्दैन। मधेशले पनि एमालेलाई मधेश विरोधी पार्टिको रूपमा हेरेको छैन। नभए एमालेले मधेशमा आफ्नो जनमत कायम गर्न सक्दैनथ्यो। एमालेले मधेशवाट पाएको मतको कदर गर्न नसकेकै हो। एमाले नेताहरूले मधेश आन्दोलन प्रति गरेको कटास र टिका टिप्पणीले यसलाई प्रमाणित गरीसकेको छ। मधेश आन्दोलनमा सूर्यमा मतदान गर्ने वाहेकका जनताहरू मात्र सहभागी थिएन। आन्दोलनमा सूर्यमा गर्ने जनताको पनि सहभागीता थियो। एमालेको नेता कार्यकर्ता सहभागी नभएको हुन सक्छ तर एमालेको मतदाताको सहभागीतालाई नकार्न सकिदैन। एमालेको व्यवहार भन्दा एमालेका नेताहरूको अभिव्यक्तिले एमाले मधेश विरोधी पार्टि रहेको शङ्का पैदा गरेको छ। कांग्रेस संविधान संशोधन गरेर राजपालाई निर्वाचनमा सहभागी गराउन खोजेको जस्तो देखिन्छ तर कांग्रेस संशोधन गराउन सक्रियताका साथ लागेको जस्तो देखिदैन। मधेश विगत देखि नै कांग्रेसको पकड क्षेत्रको रूपमा रहँदै आएको छ। आहिले देशभरि कमजोर सावित भैसकेको कांग्रेस २ नं. प्रदेशमा नतिजा आफ्नो पक्षमा पारेर शक्ति संचय गर्ने दाउमा रहेको हुन सक्छ। यसको लागि २ नं. प्रदेशमा कांग्रेसले मधेश केन्द्रित दलहरूसँग प्रतिश्पर्धा गनुपर्ने हुन्छ। राजपा निर्वाचनमा सहभागी नभएमा प्रत्यक्ष फाइदा कांग्रेसलाई नै हुनेछ। तसर्थ कांग्रेसले राजपा निर्वाचनवाट वाहिर राख्न खोजेको शंका नगर्न चाँही सकिदैन। कांग्रेसले राजपालाई वाहिर राख्न खोजेको छैन भने संशोधन वाहेकको मागहरू मन्त्रीपरिषदको निर्णयवाट सम्वोधन गर्न सकिन्छ। ती मागहरू छिटो भन्दा छिटो सम्वोधन गरी संशोधनको लागि दलहरू विच छलफलको क्रमलाई तिव्रता दिन सक्नु पर्छ। माओवादी केन्द्र पनि मधेशमा आफ्नो अवस्था सुधार्ने दाउमा मात्र केन्द्रित रहेको छ।

केहि दिन अगाडि सम्म असार मसान्त सम्ममा संशोधन हुने चर्चा निकै चलेको थियो। अहिले असार मसान्तमा निर्वाचन पछि संशोधन हुने चर्चा चल्दै छ। निर्वाचन अघि संशोधन भएमा २ नं. प्रदेशमा निर्वाचन सहज वातावरणमा सम्पन्न हुन्छ। संशोधन गरी राजपाको सहभागितामा सहज वातावरणमा निर्वाभन सम्पन्न गराउन निर्वाचन सारिएको विषयसँग कोहि अनविज्ञ छैन। खास गरी एमाले निर्वाचन पछि संशोधन गरौं भन्दै आएको छ। अहिले कांग्रेस र माओवादी केन्द्र पनि एमाले कै अडानमा सहमत भएको देखिन्छ। निर्वाचन अघिको संशोधनले सहज वातावरणको निर्माण गर्छ। संशोधन विना २ नं. प्रदेशमा निर्वाचन गराउन सरकारलाई केहि असहज हुन सक्छ। यस्तो अवस्थामा संशोधनलाई निर्वाचन पछि धकेल्नु उचित निर्णय हुन सक्दैन।

राजपाको सहभागिता विना २ नं. प्रदेशमा निर्वाचन हुनै सक्दैन भने होइन। राज्यले आफ्ना सुरक्षा निकायहरूको प्रयोग गरेर निर्वाचन गराउन सक्नेमा कुनै शंका नै छैन तर बन्दुकको वलमा सम्पन्न गराउन खोजेको निर्वाचन सहज वातावरणमा सम्पन्न हुन सक्दैन। यसरि सम्पन्न हुने निर्वाचनले मधेशमा आक्रोस वढाउने वाहेक केहि गर्न सक्दैन। मधेशमा संविधान प्रतिको असन्तुष्टिमा झन बृद्धि हुन्छ। संशोधन विनाको निर्वाचनले मधेशको उकुसमुकुसलाई शान्त पार्ने कि मधेशलाई उकुसमुकुस कै अवस्थामा राख्ने ? सरकार र प्रतिपक्ष दुवैले गम्भिर भएर उचित निर्णय लिन आवश्यक छ।

lkskeshariaaryan@gmail.com

# महोत्तरीको समृद्धि व्यवस्थापन



राकेश प्रसाद चौधरी

> महोत्तरी जिल्लाको समृद्धिस्तर कायम रह्नुमा अत्याधिक उत्पादन, रेमिट्यान्स, गरिबी निवारण सम्बन्धि कार्यक्रम हो अथवा अत्याधिक भ्रष्टाचार हो। यस विषयमा तर्क गर्न सकिने थुप्रै ठाउँहरू होलान। तर के जिल्लामा हुने व्याप्त भ्रष्टातारमा कति प्रतिशत स्थानीयको हिस्सा हुन्छ भन्ने बिषयमा अनुसन्धान हुन बाँकी छ।

स्थानीय तहको निर्वाचनका लागि २ नम्बर प्रदेशमा तयारी चलिरहेको छ। राज्य र आन्दोलनरत मधेशी पक्षबीच संविधान संशोधनको बिषयमा चर्चा जारी छ। अन्य प्रदेशसँगै यस प्रदेशमा स्थानीय तह चुनाव नभएकोले आर्थिक सामाजिक विभेद र गरिबी बढ्ने सम्भावनाका बारेमा अर्थविदहरूले भनिसकेका छन्।

महोत्तरी जिल्ला मानव विकास सूचांकमा निकै पछाडि छ। तथापि गरिबी निवारण भनौं वा समृद्धि व्यवस्थापनमा अहिले यो जिल्ला प्रदेश नम्बर २ कै अग्रस्थानमा छ। सप्तरीदेखि पर्सासम्मको ८ जिल्लामा २०५८ देखि २०६८ सम्मको एक दशकभित्र समृद्धिस्तरमा निकै उतारचढाव आएको छ। जसको प्रभाव महोत्तरी जिल्लामा एकदम थोरै परेको छ।

२०५८ मा प्रदेश नम्बर २ का सबै जिल्ला उच्च समृद्धिस्तरमा पर्दथे। अहिले आठमध्ये तीन जिल्ला एक दशकमा नै मध्यम समृद्धि स्तरमा र बाँकी तीन न्यून समृद्धिस्तर भएका जिल्लाको समूहमा झरेका छन्। महोत्तरी र सर्लाही भने अझै पनि उच्च समृद्धिस्तर भएका जिल्लामा पर्दछन्। केन्द्रीय तथ्यांक विभागका अनुसार २१ प्रतिशतभन्दा कम गरिबीको दर भएका जिल्लाहरू उच्च समृद्धिस्तर भएका जिल्लामा पर्दछन् भने ३१ प्रतिशतभन्दा बढी गरिबीको दर भएका जिल्लाहरू न्यून समृद्धिस्तर भएका जिल्लामा पर्दछन्। महोत्तरीको गरिबी दर १६.२ मात्रै छ भने सप्तरीको ३९.५ प्रतिशत छ। सबैभन्दा बढी वैदेशिक रोजगारमा पढाउने धनुषा जिल्ला पनि समृद्धिस्तरमा महोत्तरीभन्दा निकै पछाडि छ। धनुषा जिल्लामा गरिबी दर २३.१ प्रतिशत छ। हुनतः महोत्तरी जिल्ला वैदेशिक रोजगारमा कामदार पढाउने जिल्लाको दोस्रो नम्बरमा छ।

महोत्तरी जिल्लाको समृद्धिस्तर कायम रहनुमा अत्याधिक उत्पादन, रेमिट्यान्स, गरिबी निवारण सम्बन्धि कार्यक्रम हो अथवा अत्याधिक भ्रष्टाचार हो। यस विषयमा तर्क गर्न सकिने थुप्रै ठाउँहरू होलान। तर के जिल्लामा हुने व्याप्त भ्रष्टातारमा कति प्रतिशत स्थानीयको हिस्सा हुन्छ भन्ने बिषयमा अनुसन्धान हुन बाँकि छ। अहिलेलाई मोटामोटी रूपमा वैदेशिक रोजगारका कारण सम्पन्नता बढेको भन्न जो कोही पनि डराउँदैनन्।

यस जिल्लामा अघिल्ला निर्वाचनहरूभन्दा मतदाता घटेका छन्। तर बैदेसिक रोजगारमा जानेहरूमा कुनै कमी देखिएको छैन। यहाँबाट झण्डै ८५ हजार बैदेसिक रोजगारमा गएको सुरक्षित अप्रवासन कार्यक्रमको दाबी छ। डेढ दशक अगाडिसम्म समृद्ध रहेपनि यहाँका बासिन्दामा बालबिवाह गर्न नहुने कुराको त्यति अभ्यास थिएन। अहिले समृद्धिसँगै चेतनाको बिकास भएको छ। बिभिन्न अध्ययनले २० बर्षमुनिका दुई प्रतिशतले बालबिबाहको समाना गर्नुपरेको देखाएको छ।

महोत्तरीमा आयआर्जन क्रियाकलापका लागि गरिबी निबारण कोष कार्यक्रमले चक्रकोषमार्फत ३२ करोड ८७ लाख ५२ हजार ९ सय ७९ रूपैया लगानी लगाएकोमा व्याजसहित ३६ करोड ६२ लाख ८३ हजार ८३ रूपैया पुगिसकेको छ। यस कार्यक्रममा हालसम्म २२ हजार ४ सय ५१ सदस्यको सहभागिता छ। बिभिन्न किसिमको तालिम, गोष्ठि र भौतिक संरचना लगायतका निर्माण कार्यमा समेत सामुदायिक संस्थाका सदस्यहरूको सकियता रहने गर्दछ।

महोत्तरीका कार्य प्रबन्धक जगदीश सुवेदीले गरिबी निबारणका लागि गठित सामुदायिक समूहको सदस्यहरूले कोष परिचालननमार्फत गरेको आम्दानीबाट आफ्ना परिवारका कति जनालाई बैदेसिक रोजगारमा पठाउन सफल भए भन्ने तथ्याङ्क नरहेको प्रष्ट पारेका छन्। तर सीप, ज्ञान र आम्दानीको कारण यस समूहको परिबारबाट कोही बैदेसिक रोजगारमा जाँदा साहुको चर्को ब्याजबाट मुक्त रहेको देखिन्छ। गरिबी निबारण कोषबाट प्राप्त रकममा समूदायको निर्णय बमोजिम बढीमा छ प्रतिशतसम्म ब्याज लगाउने गरिएको पाइन्छ। तथ्यांक विभागले गरिबीसम्बन्धी सूचकको हिसाब गर्दा प्रतिव्यक्ति वार्षिक १९ हजार २ सय ६१ रूपैयाँभन्दा कम हुनेलाई गरिबीको रेखामुनी मानेको छ। यसअनुसार दैनिक ५३ रूपैयाँभन्दा कम आम्दानी हुने व्यक्ति गरिबीको रेखामुनी पर्छ।



# संशोधनको विपक्षमा उभिनेलाई कारबाही हुन्छ



**सुशीलकुमार श्रेष्ठ**

**प्रवक्ता, राष्ट्रिय प्रजातन्त्र पार्टी**

मधेशवादी दलहरूले देखाएको असन्तुष्टिलाई राज्यले सम्बोधन गर्नुपर्छ। राज्यले उहाँहरूले उठाएका एजेण्डालाई सम्बोधन गरेर अगाडि बढ्नुपर्छ। मधेशकेन्द्रित दललाई पनि राष्ट्रिय मूलधारमा ल्याएर देश विकासको बाटोमा हिड्नुपर्छ।

**० संविधान संशोधन प्रस्तावमा राप्रपा सकारात्मक देखिएको छ। तर, यही विषयमा पार्टीभित्र मतभेद रहेको कुरा पनि आइरहेको छ। वास्तविक कुरा के हो ?**

– हामी संविधान संशोधन पक्षमा उभिएको कुनै व्यक्तिलाई चित्त बुझाउनका निम्ति होइन, हामीले समस्याका समाधानका निम्ति संशोधनको पक्षमा मत हाल्ने निर्णय गरेका हौं। हामीले सरकारबाट सुरूमा ल्याइएको संशोधन प्रस्तावलाई स्वीकार गरेका थिएनौं। त्यसबेला हामीले प्रस्ताव परिमार्जन गरिए पक्षमा आउने भनेका थियौं। त्यसपछि नेपाली कांग्रेस र माओवादीको सरकारले यसलाई परिमार्जन गरेर ल्याएपछि हामी संशोधनको पक्षमा मत हाल्न तयार भएका हौं। अर्कोतर्फ संविधान निर्माणअघि देखि नै मधेशकेन्द्रित दलहरू असन्तुष्ट छन्। त्यसैले मधेशवादी दलहरूलाई संविधानको दायरा नल्याएसम्म संविधान सर्वस्वीकार्य हुँदैन। देशका मुख्य शक्तिहरूलाई नै बाहिर राखेर अस्थिरता आउन सक्दैन। त्यसकारणले आफ्नो एजेण्डा नभए पनि हामीले समर्थन जनाएका छौं। राजनीतिमा गिभ एण्ड टेक हुन्छ। आ-आफ्नो अडानमा लचिलो भएको अवस्थामा सबैले त्यसलाई स्वीकार गर्नुपर्छ। हो, यही मान्यता राखेर हामीले संशोधन प्रस्तावलाई स्वीकार गरेका हौं। संविधान संशोधनको पक्षमा मत हाल्ने भनेर पार्टीले आधिकारिक रूपमै निर्णय गरेको छ। जहाँसम्म असन्तुष्टिको कुरा छ। पार्टीभित्र हुने धैरै निर्णयमा सर्वसम्मति नहुन सक्छ। तर, प्रक्रिया पुऱ्याएर पार्टीले औपचारिक निर्णय गरिसकेपछि सबैले मान्नु पर्छ। सबै नेता पार्टीको निर्णयको पक्षमा उभिनुपर्छ। संविधान संशोधनको पक्षमा मत हाल्ने भन्ने आधिकारिक निर्णय छ। त्यसैले, पार्टीका सांसद् यसको पक्षमा छ, फलानोले मत हालेनन् भन्ने कुरा हुन्छ।

**० तर, यसको संकेत त विगतमा देखिएको थियो नि। वैशाख १७ गते संसद् बैठकमा राप्रपाका केही सांसद् अनुपस्थित भएकै कारणले त्यसबेला संविधान संशोधन हुन नसकेको पनि भनिन्छ नि ?**

– होइन। यो कपोकल्पित कुरा हो। जहाँसम्म वैशाख १७ गतेको कुरा छ। त्यो दिन संसदीय दलको बैठकमा ५/७ जना सांसद् अनुपस्थित भएका हुन्। त्यो दिन आमाको मुख हेर्ने दिन थियो, त्यसकारण बिहानको संसदीय दलको बैठकमा केही सांसद् आएनन्। तर, संसदीय दलले ह्विप जारी गरी सकेपछि बिहान ११ बजेको संसद् बैठकमा हाम्रो पार्टीका सांसद्हरू आएका थिए।

**० संसद् बैठकमै राप्रपा सांसद् अनुपस्थित भएको कुरा कसरी आयो त ?**

– यो कपोकल्पिक कुरा हो। पक्षमा मतदान गर्ने भनेर पार्टीले आधिकारिक निर्णय गरेको छ। संसदीय दलले मतदान गर्ने निर्णय गरेको छ। अब मतदान भएको भए पो कसले मतदान गऱ्यो/गरेन भन्ने कुरा थाहा हुन्थ्यो।

**० त्यसबेला सत्तापक्षले राप्रपाका केही सांसद् आएनन् त्यसैले अहिले पारित हुने सम्भावना छैन भनेको थियो नि ?**

– त्यो दिन बरू नेपाली कांग्रेसकै सात सांसद् अनुपस्थित थिए।

**० पार्टीको निर्णयविरूद्ध कत्ति सांसद् छन् ?**

– यी अखबारमा आएका कुरा हुन्। औपचारिक रूपमा विपक्षमा मत हाल्ने भनेर कसैले भनेका छैनन्। पत्रपत्रिमा अन्दाजको भरमा मात्र आएको हो।

**० केन्द्रीय समितिमा कसैले असन्तुष्टि पोखेका छन् ?**

– त्यस्तो कसैले भनेका छैनन्। यो बाहिर आएको कुरा मात्र हो। संविधान संशोधन विधेयकको विपक्षमा रहेको कुरा कसैले पनि भनेका छैनन्।

**० यदि कोही असन्तुष्ट छन् भने तिनलाई विश्वासमा लिएर तपाईंहरू कसरी अगाडि बढ्नुहुन्छ ?**

– सञ्चारमाध्यममा आएको जस्तो अवस्था आउँदैन जस्तो मलाई लाग्छ। सबैले संशोधनको पक्षमा मत दिनेमा म विश्वस्त छु।

**० तपाईंहरू संविधान संशोधनको पक्षमा मत दिनुपर्ने निर्णय गर्ने अवस्थामा कसरी पुग्नुभयो ?**

– राप्रपा जिम्मेवार राजनीतिक दल हो। देश अब विकासको बाटोमा लाग्नुपर्छ। अब राजनीतिक विवाद समाप्त भयो भन्ने ग्यारेन्टी जनतालाई दिलाउनुपर्छ। त्यत्रो आन्दोलनको प्रतिफल संविधानसभाको गठन भयो, संविधान बन्यो, अब पनि राजनीतिक विवाद राखिराख्ने हो भने कहिल्यै नसकिने समस्या देखिन सक्छ। अब देशलाई विकासको बाटोमा लैजानुपर्छ। त्यसैले कुनै किसिमको मतान्तर छ भने त्यसलाई कम गरेर सौहार्दपूर्ण वातावरण निर्माण गर्नुपर्छ। जबसम्म सर्वसम्मत वातावरण निर्माण हुँदैन, तबसम्म देशले आर्थिक विकास गर्न सक्दैन। त्यसैले मधेशवादी दलहरूले देखाएको असन्तुष्टिलाई राज्यले सम्बोधन गर्नुपर्छ। राज्यले उहाँहरूले उठाएका एजेण्डालाई सम्बोधन गरेर अगाडि बढ्नुपर्छ। मधेशकेन्द्रित दललाई पनि राष्ट्रिय मूलधारमा ल्याएर देश विकासको बाटोमा हिड्नुपर्छ।

**० राष्ट्रिय जनता पार्टी असन्तुष्टि छ, त्यसैले उसलाई चुनावमा सहभागी गराउन संशोधनको पक्षमा मतदान गर्नुपर्ने एउटा कुरा छ। अर्को, राष्ट्रिय जनता पार्टीले उठान गरेका एजेण्डा सही छन्, यसलाई सम्बोधन गर्नुपर्छ। यी दुई कुरामध्ये कुन कुरालाई लिएर राप्रपा संशोधनको पक्षमा उभिएको हो ?**

– यसमा दुईवटै कुरा छन्। मानौं नागरिकताको कुरा छ, नागरिकताको कुरा कुनै नयाँ कुरो होइन। पञ्चायतकालदेखि नै नागरिकताको कुरा देशमा प्रचलनमा छ। अब यसलाई संविधानमा राख्नुपर्ने माग मधेशकेन्द्रित दलले गरेका छन्। यसमा किन अरूको आपत्ति ? आपत्ति हुनुपर्ने कुरै देखिएन। ५० वर्षदेखि देशले जुन कुराको प्र्याक्टिस गरिरहेको छ, त्यसलाई सुनिश्चित गर्नका लागि संविधानमा राख्नुपर्छ भन्नु ठिकै त हो नि। यसलाई संविधानमा राखिदिँदा के बिग्रिन्छ ? अर्को राजपालाई चुनावमा पनि लैजान आवश्यक छ। त्यसकारण यस्ता स-साना कुरा थाँती राखेर विवाद गरिरहनुभन्दा सम्झौता गरेर अघि बढ्नु राम्रो हो। मधेशका जनताले अधिकार पाउँदैछन् भने किन आपत्ति ? मधेशी पनि नेपाली जनता हुन् नि। नेपाली जनताले सुविधा पाउने कुरामा कुनै पनि राजनीतिक दलले आपत्ति किन जनाउनुपर्ने ? यही मूलभूत मान्यता राखेर राष्ट्रिय प्रजातन्त्र पार्टीले संविधान संशोधनको पक्षमा मत दिने निर्णय गरेको हो।

**० मधेशमा दुई प्रदेश हुनुपर्ने कुरालाई तत्काल थाँती राखेर राजपा अगाडि बढेको छ। त्यसकारणले पनि संविधान संशोधनको पक्षमा तपाईंहरू उभिनु भएको हो ?**

– हो। अब केही महिनाभित्र प्रदेश र प्रतिनिधिसभाको चुनाव गर्नुपर्नेछ। यी चुनावहरू भएनन् भने फेरि देश लामो अस्थिरतातर्फ जान्छ। जहाँसम्म मधेशमा प्रदेशको कुरा छ, म के भन्छु भने मधेशका भूगोललाई मात्र मिलाएर प्रदेश बनाइयो भने हरेक किसिमले समस्या हुन सक्छ। यस किसिमको प्रदेशमा सामर्थ्यको समस्या आउन सक्छ। अहिले नै दुई नम्बर प्रदेशमा ८ वटा मात्र जिल्ला राख्दा त्यहाँ प्राकृतिक सम्पदाको कमि भयो। आर्थिक रूपमा प्रदेश बलियो हुनुपर्छ। केन्द्रको मात्र अनुदानले कुनै प्रदेश चल्दैन।

> एमालेका नेताहरूले हामीलाई विधेयकको विपक्षमा उभिन भनेका थिए। तर, ठूलो पार्टी एमालेले देशको बृहत्तर हितलाई ध्यान दिनुपर्छ। एमालेको अडानलाई म उचित ठान्दिनँ। हामीले उहाँहरूसँगको भेटमा पनि भन्यौं कि निर्णयमा लचकता अपनाउनुस्।

**० तपाईंहरूले एकातर्फ संविधान संशोधनको पक्षमा रहेको भनिरहनुभएको छ। अर्कोतर्फ सत्ता पक्षीय दलले असार २७ गते साँझ राजपाका नेताहरूलाई बोलाएर एमाले विपक्षमा रहेको र राप्रपाभित्र पनि मतभेद रहेकाले तत्काल दुई तिहाइ नपुग्ने देखिन्छ, त्यसैले पहिला चुनावमा आउनुस् त्यसपछि संशोधन गरौंला, भनेको थियो। यसमा के भन्नुहुन्छ ?**

– एमालेका नेताहरूले हामीलाई विधेयकको विपक्षमा उभिन भनेका थिए। तर, ठूलो पार्टी एमालेले देशको बृहत्तर हितलाई ध्यान दिनुपर्छ। एमालेको अडानलाई म उचित ठान्दिनँ। हामीले उहाँहरूसँगको भेटमा पनि भन्यौं कि निर्णयमा लचकता अपनाउनुस्।

**० पार्टीभित्रै यो विषयमा सबैलाई सर्वसम्मत किन बनाउन सक्नुभएन ?**

– हामी निष्कर्षमै पुगेका हौं। पार्टीको केन्द्रीय कार्यसम्पादन समितिले यस विषयमा व्यापक छलफल गरेर निर्णय गऱ्यो।

**० त्यसो भए पार्टीभित्र अन्तरद्वन्द किन ?**

– कुनै पनि पार्टी अथवा संगठनमा कुनै निर्णय गर्नुअघि त्यसमा छलफल हुन्छ। छलफल भइसकेपछि त्यो सर्वसम्मत नहुन पनि सक्छ।

**० सबैलाई मिलाएर लैजान सक्नुभएन ?**

– होइन। त्यस्तो कुरा होइन। हामीले संविधान संशोधनको पक्षमा मत दिन निर्णय गऱ्यौं। तर, मतदान गर्ने मौका नै आएको छैन नि। मतदान भए पो त्यहाँ असन्तुष्टि उभिनुपर्छ। तर, कोही पार्टीको निर्णयविपरीत गएको अवस्थामा विधानअनुसार कारबाही हुन्छ। त्यसैले मतदानअघि नै यस्तो हुन सक्छ भनेर कल्पना गर्नु त्यति उचित हुँदैन। कुनै संस्थाले आधिकारिक निर्णय गरेपछि त्यसमा विमति जनाउने अधिकार हुन सक्छ। तर, पार्टीले निर्णय गरेर कार्यान्वयनको तहमा पुगेपछि त्यसको विपक्षमा जान मिल्दैन। पार्टीको निर्णय नमानेको अवस्थामा अहिलेको राजनीतिक दलसम्बन्धी कानुनअनुसार पनि कुनै सांसद्ले पार्टीको ह्विप नमानेको अवस्थामा केन्द्रीय कार्यसमितिले साधारण सदस्यसमेत खारेज गर्ने निर्णय गरेको खण्डमा उसको सांसद् पद नै खारेज गर्न सकिने व्यवस्था छ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# नेपालमा शान्ति र समृद्धि नै भारतको चाहना



**चन्दा चौधरी**

**अध्यक्ष, नेपाल-भारत महिला मैत्री समाज**

महिलाहरूको आय-आर्जनको स्रोत पत्ता लगाई उनीहरूलाई समक्ष बनाउने काम हाम्रो संस्थाले गर्दै आएको छ। अहिले भक्तपुरमा १ सय जना महिलाहरूलाई हाम्रो संस्थाबाट प्रदान गरिएको तालिम लिएर आफ्नो काममा सक्षम हुनुभएको छ। जसमध्ये ५० जनाले व्यूटिशियन र ५० जनलाई सिलाई कटाई गर्न सक्षम हुनुभएको छ। उनीहरूलाई प्रमाणपत्र दिने तयारी गरिरहेका छौं। यस्तै प्रकारका तालिमहरू सर्लाहीमा पनि सुरू भइसकेको छ।

**० नेपाल र भारत सम्बन्ध कस्तो छ ?**

– नेपाल भारतको सम्बन्ध सदियौं देखी प्रगाढ सम्बन्ध रहँदै आएको छ त्यो अहिले पनि कायम नै रहेको छ। दिन प्रतिदिन अझै प्रगाढ बन्दै गएको छ।

**० तपाईको संस्था नेपाल-भारत महिला मैत्री समाजको काम, कर्तव्य र अधिकार कस्तो रहेको छ ?**

– नेपाल-भारत महिला मैत्री समाजले महिला सशक्तीकरणमा जोड दिन्छ। महिलाहरूको आय-आर्जनको स्रोत पत्ता लगाई उनीहरूलाई समक्ष बनाउने काम हाम्रो संस्थाले गर्दै आएको छ। अहिले भक्तपुरमा १ सय जना महिलाहरूलाई हाम्रो संस्थाबाट प्रदान गरिएको तालिम लिएर आफ्नो काममा सक्षम हुनुभएको छ। जसमध्ये ५० जनाले व्यूटिशियन र ५० जनलाई सिलाई कटाई गर्न सक्षम हुनुभएको छ। उनीहरूलाई प्रमाणपत्र दिने तयारी गरिरहेका छौं। यस्तै प्रकारका तालिमहरू सर्लाहीमा पनि सुरू भइसकेको छ।

**० यो संस्थाको योजना के रहेको छ ?**

– महिला, बालवालिका लगायत शिक्षा र स्वास्थको क्षेत्रमा अबका दिनमा नेपाल र भारत सरकारसँग सहयोग लिएर काम गर्ने योजना बनाएका छौं। पाँचवर्षदेखि विभिन्न व्यक्तित्वहरूको सहयोगमा यो संस्था चल्दै आइरहेको छ।

**० विगतका वर्षहरूमा तपाईको संस्थाले के-कस्ता काम गरेको छ ?**

– हामीले संस्था दर्ता भएको चार वर्षमा ४५ वटा कार्यक्रमहरू गरिसकेका छौं। यसमा नेपाल भारत मैत्री सम्बन्धको विषयमा पनि केही कार्यक्रम भएका छन्। नेपाल-भारत सम्बन्ध : अवसर र चुनौती भन्ने विशेष कार्यक्रम नै सम्पन्न गरेका छौं। काठमाडौं, भक्तपुर, सर्लाही, चितवन र दिल्ली लगायतका विभिन्न ठाँउमा कार्यक्रम गरिसकेका छौं। विभिन्न राजीतिक दलका नेताहरूसँग पनि कार्यक्रम गर्दा उहाँहरूले पनि मधेशी महिलाहरूको विकासका लागि आफ्ना मन्तव्यहरू दिनुभएको थियो। नेपाल-भारत सम्बन्धलाई अझै प्रगाढ बनाउने तर्फ उहाँहरूको विचार आयो। हामीले स्वास्थ तर्फ रक्तदान जस्ता कार्यक्रम पनि गरेका छौं। महिलाको आय-आर्जन सम्बन्धी, महिलाहरूको नेतृत्व विकास सम्बन्धी, महिला सशक्तिकरण सम्बन्धी, चेलीबेटी बेचविखन विरूद्ध कार्यक्रमहरू गर्दै आएका छौं।

**० मधेशका महिलाको उत्थान र विकासका लागि तपाईको संस्थाले मुख्य रूपमा के-के गरिरहेको छ ?**

– महिला सशक्तिकरण सम्बन्धी विभिन्न प्रकारका तालिमहरू छन्। महिलाहरूको आय-आर्जनका लागि पनि हामी तालिम दिँदै आइरहेका छौं। मधेशका महिलामा पनि अहिले धैरै नै सुधार भइसकेको छ। महिलाहरूको पार्टीगत र संस्थागत हिसाबले अहिले पनि सुधार हुँदैछ। मधेशी महिलाहरूको विकासको मामिलामा पहिले र अहिलेमा धैरै भिन्नता पाइन्छ। पहिला त मधेशी महिला चुल्होचौंका र घरभित्र मात्र सीमित हुन्थ्ये तर अहिले मधेशी मुलका महिलाहरू पनि राजनीति देखी लिएर हरेक पेशासँग आवद्ध छन्। उनीहरू आफै सक्षम भएका छन्।

**० नेपाल-भारत महिला मैत्री समाजको अहिले चालिरहेको परियोजनाहरू के-के छ ?**

– अहिले चलिरहेको परियोजनामध्ये सर्लाहीमा सिलाई कटाईको तालिम जारी रहेको छ। त्यस्तै अब महोत्तरी र चितवनमा चाँडै नै सुरू हुन्छ। त्यस्तै ब्यूटिसियन र सिलाई कटाई सम्बन्धी चलिरहेको तालिम भक्तपुरमा सम्पन्न भएको छ। भारत सरकारको सहयोगमा सुलभ शौचालयको पनि नयाँ परियोजन छ, जुन अब सुरू हुन्छ। सुलभ शौचालय धनुषा, महोत्तरी र सर्लाही गरी तीन जिल्लामा संचालन भइरहेको छ।

**० अब फरक प्रसंग, अहिलेको राजनीतिक अवस्थालाई कसरी हेर्दै हुनुहुन्छ ?**

– राजपा नेपालको मुख्य बटमलाइन संविधान संशोधन गरेर चुनावमा जानु पर्ने थियो तर त्यो भएको छैन। सत्ताधारी पक्षहरूले संविधान संशोधन नगरी जवरजस्ती राजपालाई पेलेर चुनावमा गएको हो। राजपाले सकेजतिको रोक्ने काम गरेको छ। आफ्नै देशका जनता माथी आर्मी लगाएर चुनाव गराएको छ जुन अहिलेसम्म कुनै पनि देशमा भएको छैन। मधेशी जनताको भावना विपरीत गराइएको चुनावको के अर्थ रहने त्यो हेर्न अहिले बाँकी छ, त्यो हेर्दै जाउँ। अब राजपाको संविधान संशोधन गराउने अडान रहिरहँदा दुई नम्बर प्रदेशको चुनाव गराउनु छ। यहाँ मधेशी जनता भन्दा, मधेशी पार्टी भन्दा वा मधेशको लागि वकालत गर्नेहरूलाई भन्न चाहन्छु कि, ती काँग्रेस एमाले र माओवादीलाई सोच्नु पर्ने हो, मधेशवादीले पटक पटक सम्झौता गरे, अहिले सम्म त्यसमा एउटा पनि सम्झौतालाई कार्यान्वयन नगर्ने कहाँको नैतिकता हो। उहाँहरूको नैतिकता माथी प्रश्न उठीरहेको छ। २०६४ फागुन ८ गते भएको सम्झौतामा, त्यसपछि १२ बुँदे, २६ बुँदे, १६ बुँदे जस्ता कैयौं पटक सम्झौता हुँदै आएका छन् तर एउटा पनि कार्यान्वन गरेको छैन। प्रमुख तीन पार्टी माथी प्रश्नवाचक चिन्ह लागि रहेको छ। हामी त आन्दोलनकारी छौं, आफ्ना अधिकार मागिरहेका छौं।

**० राजपाभित्र रहेका तत्कालीन ६ दलले विभिन्न सरकार निर्माण भइरहँदा समर्थन गर्दै मतदान गर्ने गरेका छन्। तर, निर्वाचन बहिष्कार गरेर मधेशी जनताले मतदान गर्न नपाउने यो कहाँको न्याय हो ?**

– मधेशी जनताले उठाइरहेको कुरा पनि आफ्नो ठाउँमा ठिक हो। तर, ठूला राजनीतिक दलसँग सम्झौता गरेर मतदान गर्नु पनि आवश्यकता रहेको छ। यसरी सम्झौता गर्दा मधेश र मधेशी जनताको माग पुरा हुन्छ भन्ने विश्वासमा मतदान गरेको हुन्छ तर उनीहरू विश्वासघात गर्छन् त्यसको जवाफ पनि छिट्टै पाउनेछन्। तीन बुँदे सम्झौता गरेर प्रधानमन्त्री बने तर त्यो पुरा गरेन त्यो त उहाँको गल्ती हो। प्रधानमन्त्रीको चुनावमा मतदान गरेर राजपाको कोही नेता मन्त्री बनेको छैन, यता पनि ध्यान दिन जरूरी छ।

**० राजपा नेपालले दोस्रो चरणको निर्वाचनलाई बहिष्कार गर्ने भनेर घोषणा गरेको थियो त्यो बहिष्कार कतिको सफल भयो ?**

– हामीले चुनावलाई बहिष्कार त गरेका हौं। तर, राज्यको हातमा सेना छ, प्रहरी छ, त्यो लगाएर चुनाव गरायो। यदि हामीसँग पनि ती शक्तिहरू भएको भए हामी पनि बहिष्कार गर्न सक्थ्यौं नि। तर, पनि कयौं ठाउँ यस्तो छ कि जहाँ २ वटा मत मात्रै खसेको छ। कुनै पनि युद्धको मैदानमा हतियार दुइटै पक्षलाई हुनु पऱ्यो तर त्यो त्यहाँ भएन त्यसैले सफल वा असफल केही भन्न सकिदैंन।

**० त्यसो भए, तेस्रो चरणको चुनाव राजपाको असहमतिमा पनि सरकारले सेना परिचालन गरेर गराउन सक्छ ?**

– अहिले जसरी तीन ओटा प्रदेशमा सेना परिचालन गराएर सरकारले चुनाव गरायो कि दुई नम्बर प्रदेशको चुनाव पनि जसरी पनि गराउँछ सरकारले। राजपाको माग पुरा गरेर चुनावमा जान्छ कि जादैंन त्यसको पनि अहिले कुनै ग्यारेण्टी छैन। हाम्रो माग अहिले पनि जारी छ, यदि संविधान संशोधन भएन भने राजपा कुनै पनि हालतमा चुनावमा सहभागि हुँदैन।

**० पहिलो र दोस्रो चरणको चुनाव सरकारले संविधान संशोधन नगरी गरायो त्यसरी नै तेस्रो चरणको चुनाव गराई हाल्यो भने राजपाको अगाडीको कार्यनीति के होला ?**

– उहाँहरूसँग सबै शक्तिहरू छ जसको प्रयोग गरेर जनतलाई दबाएर चुनाव गराउँछ जुन लोकतन्त्र भएन। लोकतन्त्रलाई नै सरकारले धरापमा पारिरहेको छ त्यो त सरकारको गल्ती हो। सरकारले त यो समस्यालाई समाधान गरेर अगाडी बढ्नु पर्ने जिम्मेवारी त हो नी तर गरिरहेको छैन। आफ्नै देशको जनतालाई, मधेशलाई विदेशी जस्तो व्यवहार गर्ने, आन्दोलनमा आउँदा टाउको र छातीमा गोली हान्ने त्यो त लोकतन्त्र भएन नि त। यो कुरालाई अन्तराष्ट्रिय समुदायले पनि हेरिरहेको छ नि। जतिवटा चुनाव गराए पनि हामी आन्दोलनमा छौं, आन्दोलनमा नै रहन्छौं।

> नेपाल भारतको सम्बन्धमा राजनीतिक उतार-चढाव हुन्छ तर यी दुई देश बीचको सम्बन्ध जनता-जनता बीचको सम्बन्ध हो, खेत खलियानको सम्बन्ध हो, आरी -धुरको सम्बन्ध हो। नदी -नालाको सम्बन्ध छ। यो सम्बन्धलाई कसैले बिगार्न सकिदैंन।

**० नेपालमा प्रधानमन्त्री हुनै वित्तिकै भारत भ्रमणमा जाने प्रचलन छ यसले गर्दा नेपाल र भारत सम्बन्धमा कस्तो प्रभाव पर्ला ?**

– सम्बन्ध सुधारको लागि नै नेपालका प्रधानमन्त्री भारत जाने गरेका हुन्। नेपाल भारतको सम्बन्धमा राजनीतिक उतार-चढाव हुन्छ तर यी दुई देश बीचको सम्बन्ध जनता-जनता बीचको सम्बन्ध हो, खेत खलियानको सम्बन्ध हो, आरी -धुरको सम्बन्ध हो। नदी -नालाको सम्बन्ध छ। यो सम्बन्धलाई कसैले विगार्न सकिदैंन।

**० नेपालमा केही नराम्रो भयो भने भारतले नै गरिदिएको हो भनेर आरोप लगाउने गरिन्छ यस्तो प्रकारको परिपाटीलाई तपाई कुन रूपमा लिनु हुन्छ ?**

– यो कुरा कुनै अधिकारीक व्यक्तिले भन्दैन नि, यो त केही व्यक्तिले भन्ने हो। अब केही व्यक्तिले भन्दैमा भन्दैमा नेपालको गतिवीधिमा भारतको हस्तक्षेप हुन्छ भन्ने कुरा म मान्दिन्।

**० नेपालको राजनीतिमा भारतको हस्तक्षेप रहेको पनि आरोप छ नि त ?**

– मेरो नजरमा नेपालको राजनीतिमा भारतको हस्तक्षेप छैन। भारतले चाहन्छन् कि नेपालमा शान्ति र सम्बृद्धि होस्। भारतले कहिले पनि नेपाललाई नोक्सान होस् भन्ने चाहँदैन।

*(मधेशवाणीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)*

# राष्ट्रिय जनता पार्टी नेपालको घोषणापत्र

**पृष्ठभूमि :**
दलित, मुस्लिम, पिछडा वर्ग लगायतका मधेशी, थारू सहितका आदिवासी जनजाति, तराईका अल्पसंख्यक, पहाडका दलित, पिछडिएका क्षेत्रका जनता आफ्नै देशभित्र सदियौं देखि विभेदका शिकार हुंदै आएको तथ्य सर्वविदितै छ। राज्यसत्ताको मूलप्रवाहबाट बाहिर पारिएका ती नागरिकहरू सबै प्रकारका विभेद तथा शोषणको विरुद्ध पहिचान, पहुच, प्रतिनिधित्व, प्रदेश र प्राकृतिक श्रोत एवं राजस्व बाडफाडमा अग्राधिकारका लागी संघर्षरत रहदैं आएका छन्। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना संगै नया नेपालको खाका कोरिनलाग्दा समेत यी सामाजिक समुहहरूले आफु पुनः अधिकार बाट वञ्चित हुने आशंकामा बाँचिरहेका छन्। विभिन्न बहानामा यिनीहरूको समस्या समाधान नै नगरी शान्ति, लोकतन्त्र, अधिकार र विकासका मुद्दाहरू धारासायी पो हुने हो कि भनि चिन्ता बढदै गइरहेको वर्तमान परिस्थितिमा उक्त कार्यहरूलाई समय भित्रै सम्पन्न गर्न दवाव दिदैं सबै प्रकारका विभेदका विरूद्ध उक्त सामाजिक समूहहरूका पहिचान, पूर्णसमानुपातिक प्रतिनिधित्व र समावेशीकरण साथै शान्ति प्रक्रियाको पुर्णता, देशमा पूर्ण लोकतान्त्रिक एवं संघीय शासन प्रणालीको सुनिश्चितताकालागि यस राष्ट्रिय जनता पार्टी नेपालको स्थापना गरिएको हो। विगतमा विभेदका विरूद्ध पहिचान, सामाजिक न्याय एवं समानताका पक्षमा भएको मधेश आन्दोलन, थरूहट आन्दोलन, जनजातिहरूको आन्दोलन, मुस्लिम आन्दोलन लगायतका आन्दोलनकारी पक्षसंग राज्यले सम्झौता गऱ्यो। सम्झौताका बावजुद आन्दोलनका मुद्दा आजसम्म सम्बोधन नगरिनुले उनीहरूका मुद्दालाई विभिन्न प्रकारले षडयन्त्र रचेर समाप्त पार्ने सम्भावना बढदै गएको छ।

मधेशी, थारू, मुस्लिम, अदिवासी जनजाति, शिल्पी, दलित लगायत सबैलाई समान अधिकार, सम्मान र पहिचानको अनुभुति हुने गरि परिवर्तनका निमित्त नेपालको समतावादी आन्दोलनलाई संगठित रूपमा अग्रसर गर्ने प्रयास स्वरूप, स्व. रघुनाथ राय, स्व.रघुनाथ ठाकुर लगायत द्वारा गरिएको को समानता र स्वायत्तताको आन्दोलनहरू, बि.स. २००८ साल देखि मधेशी जनताको अधिकार प्राप्तीको लागी भएको निरन्तरको आन्दोलन, बि.सं २०४० देखि स्व.गजेन्द्रनारायण सिंह, स्व. बाबा रामजनम तिवारी लगायतको नेतृत्वद्वारा स्थापित नेपाल सदभावना परिषद देखि नेपाल सदभावना पार्टी सम्मको आन्दोलन यात्रा तथा प्रातः स्मरणीय शहीदहरूको शहादतले सिन्चीत मधेश विद्रोह र मधेश आन्दोलनहरूलाई नेतृत्व गर्दै आएका मजफो नेपाल, तराई-मधेश लोकतान्त्रिक पार्टी, सद्भावना पार्टी, तराई-मधेश सद्भावना पार्टी नेपाल, राष्ट्रिय मधेश समाजवादी पार्टी, नेपाल सद्भावना पार्टी तथा मधेशी जनअधिकार फोरम(गणतान्त्रिक) लगायत दलको नेतृत्वमा पहिचान,स्वाभिमान,पहुंच,समानुपातिक प्रतिनिधित्व र समावेशिकरण सहितको संघिय लोकतान्त्रिक गणतन्त्र नेपाल राज्यको रूपान्तरण र शासन प्रणालिको सुनिश्चितताका लागि जारी प्रयासको क्रममा सिमान्तिकृत एवं उत्पिडितहरूको वृहत राजनीतिक शक्तिको निर्माणको अनिवार्यताको आम स्वीकारोक्तीलाई मनन् गर्दै,

सदियौंदेखि भइरहेको राजनीतिक, आर्थिक, सामाजिक, भाषिक, सांस्कृतिक, लैंगिक, सामुदायिक र क्षेत्रीय विभेद र शोषणलाई समूल अन्त्य गरी लोकतान्त्रिक संघीय गणतन्त्रात्मक समतामुलक समाजको स्थापना गर्नु नै राष्ट्रिय जनता पार्टी नेपालको मूल लक्ष्य हो।

विभेद विरूद्धका आन्दोलनकारीहरूका माग र समग्र देशवासीको भावनाका साथै त्यसको वैज्ञानिक र तार्किक आधार तय गरि समग्र जनइच्छा र चाहनालाई परिपूर्ति गर्न तथा देशमा संघीय गणतन्त्र सहितको लोकतन्त्रको संस्थागत विकासका लागि जनदबाब सृजना गर्दै लोकतान्त्रिक पद्धतीको माध्यमबाट बिभेद रहित समता मुलक समाजको स्थापना गर्ने पार्टीको उद्देश्य प्रति हामी विश्वस्त छौं।

**उद्देश्य :**
**असोज ३ गते कथित संविधान दिवसलाई "कालो दिवस" र दीपावली गरेर मनाईने दिवसको पूर्व सन्ध्यामा चुनाव गराउने मिति रहेको र असोज ५ गते घटस्थापना परेकोले दशैंको मुखमा आन्दोलनबीच चुनाव गराउने सरकारको सपना कहिल्यै पूरा नहुने निश्चित छ। प्रदेश नं. २ मा संशोधनबिना चुनाव गराउन सजिलो छैन। चुनावको नाममा मधेशलाई आत्मसमर्पण गराउने शीर्ष दलको रणनीति २ नं. प्रदेशमा आरपारको लडाईमा रूपान्तरण हुने पक्का छ।**

प्रदेश नं. २ बाहेक सबै प्रदेशमा चुनाव भई सकेको छ। अहिलेसम्मको नतिजा अनुसार एमाले पहिलो, नेपाली काँग्रेस दोश्रो र माओवादी केन्द्र तेश्रो स्थान लिन सफल भएका छन्। लोकतान्त्रिक फोरम, ससफो नेपाल र नयाँ शक्तिले लिएको आशा पूरा हुन सकेन, तथापि आफनो उपस्थिति भने दर्ज गराएका छन्। राजपा मधेश मुद्दा समातेर चुनावको विरूद्ध आन्दोलनमा एक्लै होमिएको छ। दोश्रो चरणको चुनावको मत गणना चलि रहँदा एमालेले संशोधन प्रस्ताव पास गरि २ नं. प्रदेशको चुनाव गराउने भने पनि मतगणनाको आखिरमा संशोधन प्रस्ताव पास गराउने आश्वासनबाट स्खलित भएको छ। स्थानिय चुनावमा शीर्ष स्थानमा उक्लेपछि चुनावपछि नै संशोधन प्रस्तावमा विचार गरिने कुरा बोल्न थालेको छ। नेपाली काँग्रेसको सरकारले एमाले सहयोग नगरेपनि एक हप्ताभित्र संशोधन प्रस्ताव पास गरि राजपाका साथ चुनाव गराउने प्रतिबद्धता जनाएको छ। कमजोर दुई तिहाईको भरमा यो आश्वासनप्रति मधेश विश्वस्त भई रहेको छैन।

स्थानिय चुनाव गराउने प्रदेश सरकारको अधिकार खोसी केन्द्र सरकारले बलपूर्वक चुनाव गराउनुको अर्थ प्रदेशमा आफनो एकाधिकार जमाउनु हो, यसमा शीर्ष तीन दल सफल पनि भएको छ। माओवादी केन्द्र र नेपाली काँग्रेस अन्तर्वेदनाका कारण एमाले प्रतिपक्षमा बसेपनि स्थानिय चुनावमा धरातलीय एकाधिकार कायम गर्न पहिलो पार्टी बनेको छ। दोश्रो र तेश्रो स्थानमा नेपाली काँग्रेस र माओवादी केन्द्रलाई राखेर देशको लिडिङ पार्टीको रूपमा आई सकेपछि एमाले बिना यहाँ अब पत्ता पनि हल्लिन सक्दैन। नेपाली काँग्रेस दोश्रो स्थानमा आएपनि सशक्तता नभएका कारण संशोधन प्रस्ताव पास गराउन सफल होला जस्तो लाग्दैन। कमजोर दुईतिहाई जुटाउने प्रयास गरेपनि चरमपंथी एमालेको अगाडि नेपाली काँग्रेसको प्रयास एकछिन पनि टिक्न सक्दैन।

एमालेको सल्लाहबिना ल्याईएको संशोधन प्रस्ताव फिर्ता गरि सहमतिमा आउने प्रस्तावमाथि मात्र एमाले छलफल गर्न सक्ने नेताहरूको अभिव्यक्ति आई रहेको छ। प्रदेश नं. १, ५ र ७ मा चुनावभन्दा पूर्व शक्तिकेन्द्रसंग समेत सहयोगका लागि झुक्ने एमाले दोश्रो चरणको चुनावमा नतिजा आफनो पक्षमा आएदेखि अब ऊ शक्तिकेन्द्रलाई पनि नटेरि कठोर निर्णय कायम राखेको छ। नतिजा आफनो पक्षमा आएको र यसमा आफनो प्रभाव मात्र देखेकोले सहयोगीहरू तीन छक्क परेका छन्। मधेशमा आफनो प्रभूत्व कायम गराउन अनेक शक्तिलाई गुहारेर नतिजा निकाल्न सफल एमाले आफनो सबै आश्वासन बिर्सेर अब नेपाली काँग्रेसलाई पनि धम्काउन थालेको छ।

राजनीतिको विकट परिस्थितिमा नेपाली काँग्रेस र माओवादी सहजता ल्याउने प्रयास गरेपनि एमालेको विजयोन्मादले केही हुन दिंदैन। एमालेमा देखिएका सबै लचकता उसको विजयसंगै हटेको छ। मधेशलाई आत्मसमर्पण गराउने एमालेको रणनीति कायम छ। यसै रणनीतिमा सरकारलाई पनि ल्याउने उसको जिद्द कायम छ। एमालेलाई चुनौती दिएर नेपाली काँग्रेस दुईतिहाईको मत संसदमा जुटाउन सक्दैन। सके ठूलो विजय मानिने छ।

अप्ठ्यारामा सहयोग लिएर अगाडि बढ्ने र मनोकाँक्षा पूर्ण हुँदै लत्याउने एमालेको चरमपंथी विचार स्थानिय स्तरमा फेरि एकपल्ट आफनो प्रभूत्व कायम गर्न सफल देखिएको छ। प्रदेश नं. २ को चुनाव सबैको लागि अग्निपरीक्षाको रूपमा रहने छ। चुनाव हुने वातावरण बन्यो भने एमाले, नेपाली काँग्रेस, राजपा, ससफो, माओवादी र फोरम लोकतान्त्रिकको प्रदेश नं. २ मा कस्तो अवस्था रहने होला। पहिलो पार्टीको रूपमा उदाएको एमालेलाई यो प्रदेशको जनताले कतिको विश्वास गर्दछ, नेपाली काँग्रेस यस क्षेत्रबाट सभन्दा बढि सीट पाएकोले उसको अवस्था कस्तो हुनेछ र मधेशको लागि लडि रहने राजपा र ससफोलाई जनताले कति पत्याउँछ, यी सबैको लेखाजोखा प्रदेश नं. २ को चुनावले गर्छ।

संशोधन प्रस्ताव पास नभई चुनावमा नजाने राजपाको अडान अद्यावधि कायम छ। ससफोले संशोधन प्रस्तावमा सघाउने कुरा गरेको छ। राप्रपा पनि संशोधन प्रस्तावको पक्षमा उभिने कुरा गरेको छ। नेपाली काँग्रेस पनि संशोधन प्रस्ताव पास गरेर चुनावमा जाने कुरा गरेको छ। दुई तिहाई जुट्ने सम्भावना पनि छ। एमाले संशोधन प्रस्तावको विरूद्धमा रहेकोले संशोधन हुने सम्भावना कम छ। बिना संशोधन राजपाले चुनावमा भाग लिंदैन। त्यसपछि आन्दोलनलाई अगाडि बढाउने राजपाको बाध्यता हुनेछ।

**आन्दोलनको अवस्था कस्तो होला–** राज्यले चुनावमा प्रहरी, सशस्त्र तथा सेना सबैलाई उतारेको छ। राज्य संचालक तीनै शीर्ष दलहरू नेपाली काँग्रेस, एमाले, माओवादी केन्द्र लगायत नयाँ शक्ति, संघीय समाजवादी फोरम, लोकतान्त्रिक फोरम आदि सबै चुनाव लडि रहेका छन्। राजपा एक्लै संशोधन प्रस्ताव पास गराउन आन्दोलनमा उत्रेको छ। दोश्रो चरणको चुनावमा राजपाका कार्यकर्ताहरू विद्रोह गरि चुनावमा भाग लिएको दृश्य पनि देखियो। कतिपय नेताहरू पनि आन्दोलनप्रति आस्थावान देखिएका छैनन्। प्रदेश नं. १ र ५ मा आन्दोलनको शिथिलताले चुनावलाई खासै प्रभाव पार्न सकेन। नेताहरूको द्वैध मानसिकताको परिणाम थियो। कमजोर आन्दोलनको अवस्थालाई हेरि मानव क्षति नगराउने उद्देश्यले निस्तेज पार्नु राजपाको बाध्यता थियो तैपनि सुन्सरीमा एकजना शहीद भएका छन्। दर्जनौं घाईते अवस्थामा उपचाररत छन्।

मधेशको मुद्दा लिएर संघर्ष गरि रहेको राजपाको राजनीतिक वातावरण बिलकुल प्रतिकूल अवस्थामा छ। सबै शक्तिको विरूद्ध लड्नु पर्ने बाध्यता छ। मधेशको राजनीतिमा उदाएका ससफो पनि साथ दिने पक्षमा छैन्। दुवै मधेशी दलहरू पारस्परिक झगडामा उत्रेका छन्। ससफोले संशोधन प्रस्तावलाई पास गर्न सहयोग गर्ने भन्ने अभिव्यक्ति दिएका छन्। प्रक्रिया अगाडि बढ्यो भने मात्र। साना दलहरू संशोधन प्रस्तावको पक्षमा समर्थन दिएपनि प्रक्रियालाई दृढताका साथ अगाडि बढाउने नेपाली काँग्रेसमा ईच्छाशक्तिको अभाव छ। भएपनि ठीक नभएपनि ठीकको मन:स्थितिमा रहेको नेपाली काँग्रेस संशोधन प्रस्ताव पास गराउने प्रतिबद्धता देखाएपनि एमालेको दबावमा पर्न सक्ने सम्भावना छ। प्रदेश नं. २ मा संशोधन प्रस्ताव बिना चुनाव गराउने नेपाली काँग्रेस जसरी पहाडमा साफ भयो मधेशमा पनि समाप्त हुनेमा किञ्चित शंका छैन। राजपालाई आन्दोलनमा अल्झाएर जसरी चुनावलाई आफनो पक्षमा प्रयोग गरियो, प्रदेश नं. २ मा सबैको हिसाब किताब हुने कुरा कुनै शक्तिले बिर्सिनु हुन्न।

सबै शक्ति विपक्षमा रहेपनि बाध्यात्मक आन्दोलनमा मधेशको असन्तुष्टता चरम सीमामा छ। कि संविधान संशोधन गराउने कि शहादत दिंदै राष्ट्रिय आन्दोलनको जग बसाल्ने बाध्यतामा परेको छ राजपा। मधेशले पनि राजपाको बाध्यता र निरीह परिस्थितिलाई हेरि रहेको छ। अन्तर्राष्ट्रिय पर्यवेक्षकले पनि बलपूर्वक गराई रहेको चुनावको निष्पक्षतालाई हेरि रहेको छ। दोश्रो चरणको चुनावमा कतिपय ठाउँमा जनताले मत खसाल्न नआएको अवस्थालाई सबैले हेरे। मधेशको माँग लिएर गरेको संघर्षलाई धकेल्न गरिएको चुनाव र मधेशको माँगलाई सम्बोधन गर्न नचाहने शीर्ष दलहरूको तानाशाही प्रवृतिलाई अन्तर्राष्ट्रिय पर्यवेक्षकले राम्ररी बुझेका छन्। प्रदेश नं. २ मा आन्दोलनका कारण असोज २ गते सारिएको चुनाव तेश्रो चरणमा पुगेको छ। असोज ३ गते कथित संविधान दिवसलाई "कालो दिवस" र दीपावली गरेर मनाईने दिवसको पूर्व सन्ध्यामा चुनाव गराउने मिति रहेको र असोज ५ गते घटस्थापना परेकोले दशैंको मुखमा आन्दोलनबीच चुनाव गराउने सरकारको सपना कहिल्यै पूरा नहुने निश्चित छ। प्रदेश नं. २ मा संशोधनबिना चुनाव गराउन सजिलो छैन। चुनावको नाममा मधेशलाई आत्मसमर्पण गराउने शीर्ष दलको रणनीति २ नं. प्रदेशमा आरपारको लडाईमा रूपान्तरण हुने पक्का छ। मधेशको आवाज सम्बोधन भएन भने मधेश मरेरै सिद्धिने निर्णयमा जानु पर्दछ। वर्गीय राजसत्ताको तानाशाही प्रवृतिले मधेशलाई चार टुक्रामा टुक्र्याएर आफनो वर्चस्व लादि सकेको छ। यो प्रदेशमा पनि आफनो वर्चस्व लाद्ने रणनीति लिएका तीनवटै दल जसरी पनि चुनाव गराउन चाहन्छ। यदि त्यसरी नै भयो भने राज्यले ठूलो मूल्य चुकाउने अवस्था आउन सक्दछ।

*क्रमश:*

janukjha24@gmail.com

## संक्षिप्त समाचार

### नागरिकता र मताधिकारबाट वञ्चित नराख्न माग

वीरगन्ज। संघीय समाजवादी फोरम नेपालले नागरिकता र मताधिकारबाट वञ्चित रहेकाहरूलाई अधिकार बमोजिम अबिलम्ब नागरिकता दिएर आसन्न स्थानीय तह निर्वाचनमा भाग लिने गरी मतदाता परिचयपत्र वितरण गर्न गृह मन्त्रालयसँग माग गरेको छ। फोरम नेपालमा तराई मधेश प्रदेशका कोषाध्यक्ष तथा वीरगन्ज महानगरको मेयरका उम्मेदवार विजयकुमार सरावगी, सुन्दर कुर्मी लगायतका नेताहरूको विशेष उपस्थितिमा पर्साका प्रमुख जिल्ला अधिकारी केशवराज घिमिरेले ज्ञापन बुझ्दै मागलाई जायज बताए।

### काम नगर्ने संस्थाको साइनबोर्ड हटाइने

रूपन्देही। जनतालाई प्रत्यक्ष फाइदा हुनेगरी काम नगर्ने, कोठे गफ र छलफल मात्रै गर्ने संस्थालाइ तत्काल कानुन अनुसार कारबाही गर्ने सिद्धार्थनगर नगरपालिकाका मेयर हरि प्रसाद अधिकारीले बताएका छन। भैरहवाका नागरिक अगुवाहरूको संस्था विएमजी ग्रुपद्धारा भैरहवामा नवनिर्वाचित मेयर उपमेयरलाई स्वागत गर्न राखिएको कार्यक्रममा मेयर अधिकारीले भने "साइनबोर्ड मात्रै झुण्डाएर बस्ने काम नगर्ने संस्थालाई तत्काल कारबाहि हुन्छ। त्यस्ता संस्थाको बोर्ड नगरपालिकाले हटाउछ।"

### श्रीमती हत्या गर्ने पक्राउ

बाँके। घाँटी रेटी आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा कोहलपुर नगरपालिका-१५ एकलघरूवा बस्ने २९ वर्षीय अहमद आप्ता बेडुवालाई प्रहरीले पक्राउ गरेको छ। घरायसी विवादमा अभियुक्तले सोमबार राति २७ वर्षीया श्रीमती खुल्सन बेडुवाको घाँटी रेटी हत्या गरेका थिए। घटना पश्चात मृतक खुल्सनको टाउको लिएर अभियुक्त अहमद आप्ता बेडुवा इलाका प्रहरी कार्यालय कोहलपुरमा आएका थिए। प्रहरीले घटनाको अनुसन्धानको लागि अहमद आप्ताको कान्छी श्रीमती सलमा खानलाई समेत पक्राउ गरी यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### करेन्ट लागेर मृत्यु

रूपन्देही। मायाँदेबी गाउँपालिका-८ बस्ने राजाराम यादबको ५ वर्षीया छोरी सोनाम यादबको आफ्नै घरमा मोटर चलाई नुहाउने क्रममा करेन्ट लागेर मृत्यु भएको छ। करेन्ट लागेर असक्त भएकी यादवको भिम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो।

### पिकअपको ठक्करबाट साइकलयात्रीको मृत्यु

रौतहट। पिकअप गाडीको ठक्करबाट एक साइकलयात्री किशोरको मृत्यु भएको छ। चन्द्रपुर नगरपालिका-२ स्थित पूर्वपश्चिम राजमार्गमा ग.१ ज ५७८५ नम्बरको पिकअप गाडीले साईकलयात्री सोही नगरपालिका-१० बालचनपुर बस्ने १४ बर्षीय राजावावु बैठालाई ठक्कर दिएको थियो। ठक्करबाट गम्भीर घाइते भएकोले उपचारको लागि चस्पुर अस्पताल पठाइएकोमा उपचारको क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ। गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### लागूऔषधसहित पक्राउ

मोरङ। अवैध लागूऔषधसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ। बिराटनगर-१६ दरैयामा सुनसरी, धरान-११ बस्ने २० वर्षीय सन्तोष कार्कीलाई प्रहरीले पक्राउ गरेको हो। अवैध लागूऔषध डाइजेल्याप २० एम्पुल, लुपिजेसिक २० एम्पुल, एभिल २० एम्पुल सहित सोमबार प्रहरीले उनलाई पक्राउ गरेको छ। यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

### वर्षाका कारण घर भत्किँदा तीन लाखको क्षति

रौतहट। वर्षाका कारण रौतहटका घर भत्किँदा तीन लाखभन्दा बढीको क्षति भएको छ। ईशानाथ गाउँपालिका-५ बस्ने बिनय ठाकुरको एकतले घर भत्किएको हो। अबिरल बर्षाको कारण सोमबार भत्कँदा एक मोटरसाइकल, २ साईकल, अन्नपात, लत्ताकपडा, भाडाबर्तन गरी करीव ३ लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको छ।

### करेन्ट लागेर मृत्यु

मोरङ। सुन्दरहरैचा-११ बेलेपुर बस्ने ३५ बर्षीय मोहन सुब्बाको सोमबार करेन्ट लागेर मृत्यु भएको छ। आफ्नै कुखुरा फर्ममा बिजुलीको पंखा समाउने क्रममा अचानक करेन्ट लागेर गम्भीर घाइते भएका सुव्वाको नोवेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो।

### जीपको ठक्करबाट मृत्यु

धनुषा। बटेश्वर गाउँपालिका-५ शिव मन्दिर स्थित पूर्वपश्चिम लोकमार्गमा ज.१ च १५०८ नम्बरको जिपले मंगलबार सोही ठाउँ बस्ने ६० वर्षीय पैदलयात्री नरबहादुर पुलामीलाई ठक्कर दिँदा गम्भीर घाईते भएकाले लालगढ अस्पताल पठाएकोमा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा सोही ठाउँ बस्ने ७० वर्षीय भगतबहादुर परियार र ३८ वर्षीय तेज नारायण बि.क.समेत घाइते भएकाले सोही अस्पतालमा उपचार भइरेहको छ। जिप र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### प्रहरी हवल्दार मृत फेला

कैलाली। कैलालीको अत्तरिया बजारस्थित नेचुरल ब्युटी नाम गरेको होटलमा एक प्रहरी हवल्दार मृत अवस्थामा फेला परेका छन्। भनजी नगरपालिका-१ मा स्थायी घर भई जोगबुढा इलाका प्रहरी कार्यालयमा कार्यरत ३२ वर्षीय प्रहरी हवल्दार शेरबहादुर बूढा बिहीबार बिहान करिब ३ बजे उक्त होटलको कोठा नं ५ मा मृत अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय मालाखेतीले जनाएको छ। बुधबार राति हवल्दार बूढा एक युवतीसंग सो कोठामा बसेको र अकस्मात् छटपटाएर ज्यान गएको साथमा रहेकी ती युवतीले बताएकी छिन्।

## कपिलवस्तुमा २० प्रतिशत धान रोपाइँ

कपिलवस्तु। कपिलवस्तुमा आकाशे पानी पर्न थालेपछी कपिलवस्तुमा २० प्रतिशत धान रोपाइँ भएको छ। सिँचाई सुविधा उपलब्ध रहेका र पर्याप्त मात्रामा आकाशे पानी परेको क्षेत्रमा धमाधम धान रोपाइँ भैरहेको कृषि कार्यालय कपिलवस्तुले जनाएको छ।कपिलवस्तुको दक्षिणभेगका तौहिलहवा, निग्लीहवा, जहदी, गोटिहवा, विजगौरी, धनकौली लगायतका ठाउँमा रोपाइँ भैरहेको कृषि कार्यालयका प्रमुख राकेशकुमार ओझाले जानकारी दिए। यस्तै जिल्लाको बनगाई, जितपुर, गजेहडा, लगाएतका स्थानमा पनि यतिबेला धामाधम रोपाई भैरहेको छ। करिव एक साताटेखी परेको पानीले आकशे पानीको भरमा धान रोप्ने किसानहरू धान रोपाईमा ब्यस्त भएका हुन। कपिलवस्तुमा धान खेती हुने कुल ७२ हजार हेक्टर जग्गा मध्ये अहिलेसम्म २० प्रतिशत जग्गामा धान रोपाइँ भएको प्रमुख ओझाले बताए।

## मातृभाषाको पाठ्यक्रम समावेश गरिने : मेयर

विराटनगर। विराटनगर महानगरपालिकाका नवनिर्वाचित मेयर भीम पराजुलीले महानगरपालिकामा मातृभाषाको पाठ्यक्रम समावेश गरिने बताएका छन्। मंगलबार मेयर पदको शपथ ग्रहण गर्दै एक सय दिनभित्र मातृभाषालाई पाठ्यक्रममा समावेश गराउने प्रतिबद्धता जनाएका छन्। उनले विराटनगर महानगरलाई भ्रष्टाचारमुक्त, सुशासनयुक्त र पारदर्शी बनाइने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले एक सय दिनमा विराटनगरवासीलाई धुलो र हिलोबाट मुक्त गराउनका लागि ठोस कार्य गरिने समेत बताएका हुन्। साथै, विराटनगरलाई प्रदेश नं १ को राजधानी बनाउनका लागि ठोस भूमिका निर्वाह गरिने जानकारी दिए। शपथ ग्रहण कार्यक्रममा उपप्रमुख इन्दिरा कार्कीले अन्यायमा परेका महिलालाई न्यायका लागि अन्यत्र कतै जानु नपर्ने अवस्था ल्याइने दृढता व्यक्त गरिन्। कार्यक्रममा उपप्रमुख कार्की र वडाका अध्यक्षले पनि शपथ लिएका थिए।

## पाँच जना पक्राउ

कैलाली। गोदावरी नगरपालिकास्थित अत्तरियाबाट युवती बेचबिखनको आशंकामा पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ। हिजो राति काठमाडौँबाट धनगढीतर्फ आइरहेको यात्रुबाहक बसमा भारतको भगवानपुर भन्ने ठाउँमा बस्ने २१ वर्षीय श्याम कुमार र साथमा काभ्रे नमोबुद्ध नगपालिका-५ घर भएकी १८ वर्षीय तामाङ थर भएकी एक युवतीलाई सुराकीका आधारमा पक्राउ गरेको मालाखेती इलाका प्रहरी कार्यालयले जनाएको छ।

## जातीय विभेदको चपेटामा दुई प्रहरी उपरीक्षक



वीरगंज। प्रहरी प्रधान कार्यालयले जातीय विभेद गर्दै मधेशी मुलका दुई जना प्रहरी उपरीक्षकलाई विनाकारण हेडक्वाटर तानेको छ। जिल्लामा शान्तिसुरक्षा चुस्त राख्दा राख्दै पनि आफू निकटकालाई पठाउन विना कारण पर्सा र सप्तरीका प्रहरी उपरीक्षकलाई हेडक्वाटर तानेको श्रोतले दावी गरेको छ। पर्साका प्रहरी उपरीक्षक गोविन्द साह र सप्तरीका प्रहरी उपरीक्षक अनुराग द्विवेदीले आफ्नो कार्यकुशलता देखाउँदै जिल्लाको सुरक्षा अवस्था मजबुद बनाएका थिए। गत एक सातादेखि जिल्लाबाट बोलाएर हेडक्वाटरमा राखेको र बोलाउनुको कारण समेत नबताउँदा आफूहरूले राजीनामा दिने तयारी गरेको प्रहरी उपरीक्षक साहले बताए। आफूहरूलाई बोलाउनुको कारणबारे जानकारी लिन एक सातादेखि प्रहरी महानिरीक्षकलाई भेट्न खोजे पनि समय नदिएको र मंगलबार अचानक काजमा अरूलाई नै जिल्लामा खटाइएको भन्ने खबर आफूरूले पाएपछि पदमा बसिरहन उचित नभएको भन्दै दुवै जनाले राजीनामा दिन लागेको उपरीक्षक द्विवेदीले बताए। विनाकारण आफूहरूलाई हेडक्वाटर तानेर अपमानित गर्ने सुनियोजित षड्यन्त्र गरेकाले संगठनमा बसिरहन नसक्ने अवस्था आएको उनीहरूले बताएका हुन्। यो घटनाले प्रहरी संगठनमै मधेशी र गैरमधेशीबीच ठूलो भेदभाव रहेको देखाएको श्रोतको दावी छ। पर्साका प्रहरी उपरीक्षक साहलाई हेडक्वाटर झिकाइएको घटनाका बारेमा जिल्लाका स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू पनि चकित बनेका छन्। हेडक्वाटरले साहको ठाउँमा सुदिप गिरी र द्विवेदीको ठाउँमा मुकेश सिंहलाई खटाएको छ।

## बाढीपीडितका लागि फोरमको सहयोग

वीरगन्ज। प्राकृतिक आपदामा फसेका सप्तरीका बाढीपीडितलाई संघीय समाजवादी फोरम नेपालको पर्सा जिल्ला समितिले बुधबार बिहान राहत सामग्री पठाएको छ। सप्तरीका बाढीपीडितहरूको दुरावस्थामा राहत तथा सहयोग पुर्याउने काममा कमी रहेको कुरा संचार माध्यमबाट आइरहेको मध्यनजर गर्दै फोरम नेपालको पर्सा जिल्ला समितिले १० लाखभन्दा बढी मूल्यको राहत सामग्री पठाएको छ। राहत सामग्री स्वरूप पार्टीका तराई मधेश प्रदेश कोषाध्यक्ष विजय कुमार सरावगीले उपलब्ध गराएको ८ लाख मूल्य बराबरका त्रिपाल ५ सय थान, विभिन्न दाताहरूबाट चामल ७५ बोरा लगायत सामान बाढीपीडितहरूका लागि फोरम नेपाल, पर्साले जुटाएको हो।

सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको रक्षा गरौं, राष्ट्रिय स्वाभिमानको रक्षा

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व परिवेश

## पाकिस्तानमा चिनियाँ साम्राज्यवादको बढ्दो त्राश

–अल्लाबक्श

अति महत्वकांक्षी र ज्यादै प्रचारित चीन पाकिस्तान इकोनोमिक कोरीडोर ( सि.पि.इ.सी.) को निहुँमा पाकिस्ताको 'सदाबहार मित्र' का रूपमा आफुलाई प्रचारित गर्दै आएको चीनको पाकिस्तानको आर्थिक क्षेत्र माथि आफ्नो प्रभुत्व जमाउँदै चिनिया साहित्य, भाषा, संस्कृति र राजनीतिक वर्चस्व जुन आक्रमक रूपमा बढाउन थालेकोछ त्यसले गर्दा पाकिस्तानको वास्तविक सांस्कृतिक पहिचान नै गुम्न थालेकोले त्यहीको जनजीवनलाई भयभीत तुल्याई दिएको छ। चीनको बढ्दो साम्राज्यवादी स्वरूप पाकिस्तानका लागि ज्यादै विनाशकारी सावित हुनुका साथै पाकिस्तानको धार्मिक पहिचानसँगै सामाजिक उत्थान समेत नराम्ररी प्रभावित हुन जाने समेत संभावना देखिएको छ। डलरको लोभमा पाकिस्तानी सत्तासीनहरूले 'असल मित्र' ठानेर चीनलाई जसरी प्रश्रय दिन थालेको छ, त्यसबाट पाकिस्तानी जनताको जनजीवन नै परिवर्तित हुन जाने त्राशदीपूर्ण स्थिति जनमानसमा उत्पन्न भै सकेको छ।

विगतमा पाकिस्तानका सत्तासीनहरूले जसरी डलरको लोभमा वाशिंगटनको 'असल मित्र' बनेर अमेरीकी सहयोग प्राप्त गरेका थिए, त्यसबाट मुख्य रूपमा पाकिस्तानी सेनाका जनरलहरू शीत युद्धको समयमा पाकिस्तान पनि अमेरीकी गठबन्धनमा रहेका देशहरूजस्तै धनी र प्रगतिशील राज्य बन्ने सपना बाँडेर स्वम् सम्पन्न भै अमेरिका र यूरोपका महाविद्यालय र विद्यालयहरूमा आ–आफ्ना छोरा–छोरीहरूलाई पढ्न पठाएका थिए भन्ने राजनीतिज्ञहरूले स्वीटजरल्याण्ड र लंडनमा थुप्रै एकड जग्गा र भव्य महल कीने र त्यसका स्वामी बनी त्यहाँका बैंकहरूलाई आ–आफ्ना बैंक खाता खोली ठुलो राशी जम्मा गरेका थिए तर सामान्य पाकिस्तानी जनताले घोर अभावमा जीवन धान्नुका साथै आ–आफ्ना बच्चाहरूलाई साधारण विद्यालयहरूमा भर्ना गर्न निमित्त ठुलो संकटको सामना गर्नुपरेको थियो। विगतमा अमेरिकी प्रभावमा परेर सेनाका जनरलहरू र राजनीतिहरू अत्याधिक फस्टाएका थिए भने पाकिस्तानका जनता निरन्तर रूपमा दशकौसम्म विपन्नावस्थामा रहेको महशुस गरेका थिए। अमेरीकी स्वप्नको भ्रममा पाकिस्तानी जनता जसरी असुरक्षित र अस्थिर बन्दै गएका थिए त्यस्तै अहिले त्यहाँको जनतालाई नयाँ चीनको स्वप्नले पनि घोर विपन्न स्थितिमा पुऱ्याई दिने भयले त्रशित बनाई दिएको छ। चीनको त्यस योजनाले तिनीहरूको शान्ति र समृद्धि नै गुम्न जाने त्राश फिजिसकेको छ।



पाकिस्तानी समाज पहिला ब्रिटिश–संस्कृति र राजनीतिक चक्रमा परेर र त्यस पछि अमेरीकी साम्राज्यवादले गर्दा नराम्ररी प्रभावित भै सकेका प्रत्यक्ष अनुभुतिबाट त्रसित रहेको र पाकिस्तानी नेताहरूले समेत चीनको प्रवेशबाट सामान्य जनजीवनको अवस्था बारे स्पष्ट र आश्वस्त पार्न नसकेको कारण चीनको आगमन पछि मुस्लिमहरूको देशमा मुस्लिमको के –कस्तो अवस्था हुन जाने हो ? त्यसबाट आश्वस्त नरही त्रसित बन्न पुगेको छ। तिनीहरूले पीर मान्ने प्रशस्त कारणहरू मध्ये चिनीयाहरू अन्य महत्वकांक्षी शक्तिहरू जस्तो मिल्ने खालका छैनन् ? तिनीहरू हरेक कुरामा प्रभुत्व जमाउन चाहन्छन् ? पहिला तिनीहरू आफ्ना सांस्कृतिक केन्द्रहरू वा भाषा केन्द्रहरू स्थापित गरेर चिनिया शिक्षकहरूबाट चिनीया भाषा सिकाउँछन् र पाकिस्तानको सामाजिक संरचनालाई प्रभावित पार्ने गरेका छन् ? हालै पाकिस्तानी अधिकारीहरूले दर्जनौ चिनीयाँ नागरिकहरू अवैधानिक रूपमा पाकिस्तानमा बसेर काम गर्दै आएको तथ्य समेत फेला पारेका छन्। चिनीयाँहरूले त्यस्ता सांस्कृतिक केन्द्रहरूमा माओको मूर्ति प्रतिस्थापित गरेकाछन्, जसले शान्तिपूर्ण र स्थायी देश नेपाल र श्रीलंकामा उस्तो प्रभावित पार्न सकेको छैन तर पाकिस्तानको सामाजिक वातावरणलाई गम्भीर रूपमा प्रभावित पारी सकेको छ।

चिनियाहरूले भाषा र संस्कृतिका क्षेत्र बाहेक पाकिस्तानको संचारमाध्यम माथि समेत प्रभुत्व जमाउन थालेको कुरा हालै सि.पि.इ.सि. योजनाको योजनाबद्ध दस्ताबेजका विषयवस्तुबाट सार्वजनिक हुन आएको छ। तिनीहरू पाकिस्तानी संचार माध्यमहरूलाई किन्ने त्यसलाई आफ्नो नियन्त्रणमा लिई संचालन गर्दै जनतालाई दिग्भ्रमित पार्ने योजना बनाएका छन् भने कसैले त्यस सम्बन्धमा टिप्पणी गरेमा ज्यादै संवेदनशील भएर पाकिस्तानमा त्यस्ता टिप्पणी गर्नेहरू विरूद्ध दमनात्मक कारवाई गर्ने नीति समेत लिएका छन्। सबभन्दा ठुलो कुरो वा प्रश्न के भने चिनियाँहरूको त्यस्तो आक्रमक कारवाईसँग के पाकिस्तानी जनता जुझ्न सक्छन् त ? पाकिस्तानीहरूमा चिनियाँहरूको प्रभुत्ववादी सांस्कृतिक साम्राज्यवादबाट अस्थिरता र हिंसाको समेत त्राश बढ्न थालेकोछ र त्यो ठीक त्यस्तै छ जस्तो चीनको सिन्चियांग प्रान्तका मुस्लिम समुदायहरूले चिनिया शासकहरूको त्रासदी नियमित रूपमा भोग्दै आएका छन् ? पाकिस्तानले बेलैमा यस बारे सतर्कता अपनाउनु जरूरी भै सकेको छ। –*एजेन्सीको सहयोगमा*

## जे भए पनि अजिङ्गर राक्षस नै हो ?

चीनले तिब्बतमाथि कब्जा गरेर कैलाश मानसरोवर तीर्थस्थल आफ्नो नियन्त्रणमा लिएपछि भारतीय तीर्थयात्रीहरूलाई त्यही प्रवेश गर्न नदिई अब नियमित रूपमा आफ्नो वास्तविक राक्षसी चरित्र देखाउन शुरू गरिसकेको छ। चिनिया सेना भारतीय सीमाको वास्तविक नियन्त्रण रेखालाई अवैधिक रूपमा पार गरी भारतले त्यस प्रति विरोध जनाउदैन उल्टै भारतमाथि नै आक्रोश व्यक्त गर्न थालेको छ। त्यसपछि अब चीनले आफ्नो राज्यद्धारा संचालित अवैधानिक संचारमाध्यमहरू मार्फत समेत आफ्नो जबरजस्ती प्रवेशलाई वैधानिक भनेर भारतलाई चेतावनी दिने खालको प्रचारबाजी गराउन थालेको छ। त्यती मात्र होइन कैलाश यात्रा गर्ने भारतीय तीर्थयात्रीहरूले चीनद्धारा सिक्किम क्षेत्रमा निर्माण गर्न थालेको सडकलाई अवरोधित पारेर उसको सार्वभौमिकताको उल्लंघन गरेको आरोप लगाई भारतीय तीर्थयात्रीहरूको कैलाश याात्रा समेत बन्द गरी दिएको छ। सिक्किम सीमाको घटनालाई दुष्प्रचारित वक्तव्य मार्फत बेजिङ्ग अब यो धारणा बनाउन थालेको छ कि उसको त्यस मुद्दालाई कसैले चुनौती दिन सक्दैन। चीनको एकपक्षिय आफूखुसी सार्वभौमसत्ता सम्बन्धी वक्तव्यबाट चीनको भारतसँग मित्रवत् सम्बन्ध नरहेको प्रदशित गर्दछ। केवल एक समयमा अर्थात उसको तमाकस्थित वन वेल्ट वन रोड (ओवोर) सम्वन्धी अवधारणाप्रति भारतले समर्थन जनाओस भन्ने समयमा उसले भारतप्रति नरम स्वर व्यक्त गर्दछ किनकी यो स्पष्ट छ कि र चीनले महशुश पनि गर्दछ कि उसको हरेक प्रकारको प्रचारवाजीका बाबजूद पनि ओबरको भारतको समर्थन विना कुनै उपादेयता रहन जादैन र उसले आफ्नो लक्ष्य समेत प्राप्त गर्न सक्दैन ? चीन आफैले व्यक्त गरी सकेको छ र बेजिङ्ग समेतले स्वम् पाकअधिनस्थ कश्मीर एक विवादित क्षेत्र भन्छ भने फेरि बेजिङ्गले भन्दैमा अर्को देशको भू–भाग चीनको भू–भाग वा अशं बन्न सक्दैन। त्यस क्षेत्रमा संचालित उसको योजनाहरूप्रति भारतको विरोध सम्बन्धमा चीनका हरेक अभिव्यक्तिमा उसको अहं र जिद्दीपना प्रदशित हुन्छ। चीनबाट बराबर प्रचारित भारतप्रतिको धम्कीमा यो खुलस्त रूपमा प्रवाहित गर्ने गरिएको छ कि सैनिक दृष्टिले चीन भारतभन्दा कैयौं पटक बलियो रहेकोले सीमा क्षेत्रमा उसले आफूखुशी जे जस्तो गरे पनि नयाँदिल्लीले चुप लागेर बस्नुपर्छ ? चीन सरकारले नियन्त्रण रेखा पार गरेर स्पष्ट रूपमा भारतीय क्षेत्रमा आफ्नो सेना पठाउने गरे पनि आफ्नो गलत मनोवृत्ति र दृष्टिकोणलाई अस्वीकार गर्दै आफ्ना संचारमाध्यमहरू मार्फत भारतमाथि उल्टो आरोप लगाउँदै आउनु उसको दुष्टताको प्रतिक हो, सद्भाव विपरीतको धारणा हो।

चीनले गर्दा पाकिस्तान उसलाई आफ्नो सदाबहार मित्र ठान्दै आफूलाई परमाणु अस्त्र सम्पन्न ठानी गर्व गर्दै भारतमाथि आक्रमण गर्नबाट पनि हच्केको छैन र भारतलाई एउटा सबक दिन १९६२ मा आफ्नो स्वतन्त्रता सेनानीलाई भारतीय भू–भागमा समेत पठाउन हच्केको थिएन। युद्ध संचालन गर्ने पाकिस्तानको स्थायी प्रवृति रहँदै आएकोमा हाल चीनको निर्देशनमा सो क्रमले नयाँ विकास र गति लिएकोछ। जो १९६२ को अक्टोबरको दशकौ पश्चात पुन: गतिमान हुन पुगेको छ। सैनिक रूपमा शक्तिशालि भए देखि चीनले खाली भारतलाई मात्र चुनौती नदिएर अन्य त्यस्ता सबै देशहरूलाई समेत चुनौती दिँदै आएकोछ, जसले उसको विवादित सामुद्रिक र भू–भागीय दावीहरूको विरोध तथा प्रतिरोध गर्दछ। चीनमा एक पार्टीको शासन अर्थ तानाशाही शासकहरूले नम्र आवाजहरूको कदर गर्न सिकेको छैन बरू विद्धान तथा अधिकारवादीहरूले सुझाए पछि तिनीहरूलाई कडा र अमानवीय सजाय निरन्तर मात्र दिने गरिएको छैन कि कैन्सर जस्तो कडा रोग लागेकाहरूलाई समेत प्रतिरोध जनाउँदा जेलमा हाल्ने गरिएको छ ?

बेजिङ्गबाट संचालित हुँदै आएका सबै प्रकारका जघन्य अपराधिक कार्यहरूलाई यदि भारतले बेवास्ता गर्छ भने त्यो भारतको गल्ती हुन्छ। चिनिया शासनबाट प्रसारित हउवादितापूर्ण विचारहरू चीनको निरंकुश मानसिकता र स्वभावको सही प्रर्दशन गर्दछ कि उ विश्वको आर्थिक तथा सैनिक रूपमा सबैभन्दा शक्तिशाली देश हो र त्यसको प्राप्तिका लागि उसले उसले नियमित रूपमा उसँग विमति राख्ने देशहरूमाथि प्रहार गर्दै आएकोछ ? जहाँसम्म भारतको कुरा छ, भारत निकट भविष्यमा आर्थिक दृष्टिले उसलाई चुनौती दिने शक्तिको रूपमा मुखरित हुन थालेको हुन थालेको छ। तर चीन आफ्नो त्यस स्वप्नलाई महशुस गर्न चाहन्न कि अन्य राष्ट्रहरूलाई थिच्ने कार्य बन्द नगरेसम्म उ विश्वको सबैभन्दा शक्तिशाली राष्ट्र बन्न सक्ने छैन। चीनको यो गलत धारणामा छ कि सैनिक रूपमा नभए पनि आर्थिक दृष्टिले भारत उसको निकटतम प्रतिद्धन्दी रहेकाले आफ्नो राज्य नियमित संचारमाध्यमहरू मार्फत गलत प्रचारबाजी गर्नु गराउनु युद्धपूर्ण स्थितिको परिचय हुने हुँदा त्यसलाई परित्याग गर्नु पर्छ। भारत, अमेरिका, जापान आदि देशहरूसँग बढ्दो सम्बन्ध बारे चीनले आरोप लगाउँदै आए तापनि चीनको गलत दृष्टिकोण र दुष्प्रचारवाजीका बाबजूद पनि भारतले अहिलेसम्म कुनै राष्ट्रसँग सैनिक गठबन्धन गर्ने कार्यलाई प्रश्रय दिएको छैन।

पूरै विश्वलाई थाहा छ कि अहिलेसम्म चीनले विकासशील राष्ट्रहरूमा आयोजना संचालन गर्न अर्थ प्रवाह गर्दै सहयोग गर्दै आए तापनि अन्तत: त्यस्ता सहयोग प्राप्त गर्ने राष्ट्रलाई दिएको अनुदानलाई सहूलियतपूर्ण ऋणको रूपमा परिवर्तित गर्न थालेको बंगालादेशको प्रत्यक्ष अनुभूति छ। यो स्पष्ट भैसकेको छ कि चीन कसैलाई माया गर्ने देश होइन ? चीनले अन्य देशहरू सहयोगका नाम ठुलो खर्च गर्नु उसको वदनियती हो जसलाई उसले लुकाउँदै आए पनि भारत उसको राजनीतिक दुष्टतासँग सुपरिचित छ ?

– *एजेन्सीहरूको सहयोगमा*

# पत्रपत्रिकाबाट...

## ओलम्पिक भारतमा ?

नयाँदिल्ली। भारतीय ओलम्पिक संघ (आइओए) ले सन् २०३२ को ओलम्पिक खेलकुद भारतमा आयोजना गर्ने प्रक्रिया सुरू गरेको छ। आइओएले सन् २०३० को एसियन खेलकुद आयोजना गर्नका लागि पनि दावी गर्ने जनाएको छ। दुवै प्रतियोगिता आयोजना गर्नका लागि दावी गर्ने प्रक्रिया बढाउन आइओएले सरकारसँग अनुमति मागेको छ। आइओएका अध्यक्ष एन रामचन्द्रले प्रतियोगिता आयोजना गर्नका लागि सरकारसँग कुराकानी भइरहेको बताएका छन्। भारतले दुई पटक एसियन खेलकुदको आयोजना गरिसकेको छसरकारसँग अनुमति मागेको छ। आइओएका अध्यक्ष एन रामचन्द्रले प्रतियोगिता आयोजना गर्नका लागि सरकारसँग कुराकानी भइरहेको बताएका छन्। भारतले दुई पटक एसियन खेलकुदको आयोजना गरिसकेको छ। सन् १९५१ र १९८२ को एसियन खेलकुद भारतको नयाँदिल्लीमा भएको थियो। ओलम्पिकका लागि दावी प्रस्तुत गर्न लागेको यो पहिलो पटक हो। भारतको दावीलाई बहुमत सदस्य राष्ट्रले समर्थन गरे। दक्षिण एसियामा पहिलोपटक ओलम्पिक खेलको आयोजना हुनेछ। सन् २०३२ को ओलम्पिकअघि आयोजना हुने दुई ओलम्पिकको आयोजकको टुंगो लाग्न अझै बाँकि छ। सन् २०२० मा जापानले ओलम्पिक आयोजना गर्दैछ। सन् २०२४ को ओलम्पिक आयोजनाका लागि अमेरिकाले र फ्रान्सले दावी गरेका छन्। २०२८ को ओलम्पिक आयोजनाका लागि पनि अमेरिका र फ्रान्स नै दावीम छन्। त्यसैले फ्रान्स र अमेरिका दुईमध्ये एक ओलम्पिक गर्ने पक्का छ। २०३२ को ओलम्पिक आयोजना दावी गर्ने भारत पहिलो देश हो।

## वाइवाइ सिटी भारतमा फैलिँदै

काठमाडौं। भारतीय बजारमा नेपाली ब्रान्ड वाइवाइ चाउचाउको तीव्र विस्तारसँगै नयाँ अवधारणसहित कार्यान्वयनमा ल्याइएको नुडल्स बार 'वाइवाइ सिटी' लोकप्रिय बनेको छ। क्विक सर्भिस रेस्टुरेन्टको अवधारणामा सञ्चालनमा ल्याइएको वाइवाइ सिटीमा वाइवाइ चाउचाउबाट बनाइएका विभिन्न स्वदिष्ट परिकार उपलब्ध छ। चौधरी ग्रुपका अध्यक्ष विनोद चौधरीले टिट गर्दै भारतको अर्को सहर बैंगलोरमा वाइवाइ सिटी विस्तार भएको भन्दै खुसी व्यक्त गर्नुभएको छ। वाइवाइका पारखीसँग सोसल मिडियामा अन्तर्क्रिया गर्दै उहाँले भारतका मुख्य सहरमा वाइवाइ सिटीको प्रतिक्षा लामो नरहने जानकारी गराउनुभयो। 'हामीले दक्षिण एसियाली बजारमा नुडल्स बारेको नयाँ अवधारणा कार्यान्वयनमा ल्याएका हौं जसलाई भारतीय उपभोक्ताले निकै रूचाएका छन्,' ग्रुपका कार्यकारी निर्देशक बरूण चौधरीले भन्नभयो, 'जसका कारण वाइवाइ सिटीको तीव्र विस्तार गर्न हामी दवावमा रहेका छौं।'

## जोखिम न्यूनीकरणका लागि टास्कफोर्स

जलेश्वर। विपद् जोखिम न्यूनीकरणका लागि महोत्तरी जिल्लाको तत्कालीन ३ वटा गाउँ विकास समितिमा (हाल वडा) महिला, पुरूषहरूलाई मिलाएर १ सय ८ सदस्यीय विभिन्न विषयका टास्क फोर्स बनाइएको छ। जिल्लाको पिगौना गाउँ विकास समिति (हाल जलेश्वर नगरपालिका), सिमरदही गाउँ विकास समिति र धिरापुर गाउँ विकास समिति (हाल मटिहानी गाउँपालिका) मा विपद् कार्यदल बनाइएको छ। प्राथमिक उपचार, पूर्व सुचना प्रणाली र हल्का खोज तथा उद्धार गरी तिन विषयमा बनाएर गठन गरिएर काम शुरू गरिएको हो। महोत्तरी जिल्ला बाढी, शितलहर, आगलागीको विपद्मा वर्षेनी पर्दै आएका छन्। तिनवटै गाविस जिल्लाको बाढी प्रकोपको उच्च जोखिममा रहेको गाविस अन्तर्गत पर्दछ। नेपाल सरकार र बेलायत सरकारको सहयोगमा सञ्चालित सामुदायिक विकास कार्यक्रम सिडिपी अन्तर्गत स्थानीयस्तरमा विपद् जोखिम न्यूनीकरण योजना अन्तर्गत टास्कफोर्स निर्माण गरिएको सिडिपीका जिल्ला संयोजक विशाल तिमल्सेनाले जानकारी दिए।टास्कफोर्स अन्तर्गत ३६ जनालाई प्राथमिक उपचार, ३६ जनालाई पूर्व सुचना प्रणाली र ३६ जनालाई समेटेर हल्का खोज तथा उद्धारको टिम निर्माण गरिएको जानकारी दिँदै संयोजक तिमल्सेनाले टास्क फोर्सका टिमलाई यससम्बन्धी व्यावहारिक, प्राविधिक तथा प्रयोगात्मक तालिम समेत दिइसकिएको जानकारी दिए।असारको आगमनसंगै महोत्तरी जिल्ला बाढीको उच्च जोखिममा पर्ने र ति गाविसहरू पनि रातो, बिग्ही र कुटमेश्वरी नदिको कारणले बाढीले आक्रान्त हुँदै आएकोले सो गाविसका स्थानीयहरूलाई समेटेर टास्कफोर्स बनाइएको हो।

# जिल्ला समाचार

## पर्यटकीय गन्तव्यको रूपमा विकास गरिने

रूपन्देही। बुटबल उपमहानगरपालिकाका मेयर शिव सुवेदीले बुटवललाई पर्यटकीय गन्तव्यको रूपमा समेत विकास गरिने वताए। मणिमुकुन्द सेन उद्यान संरक्षण समिति आयोजना गरेको कार्यक्रममा बोल्दै उनले रामापिथेकस, लुम्बिनी र जितगढीलाई समेट्ने गरी बुटवल घुम्न आएका पर्यटकलाई दिइने 'चिनो' बनाइनुपर्ने आवश्यकता रहेको बताए। बुटवल वडा नं. २ मा रहेको मणिमुकुन्द सेन उद्यान संरक्षण समिति (फुलबारी) ले बुटवल उप-महानगरपालिकाका नवनिर्वाचित प्रमुख तथा उप-प्रमुखलाई सम्मान गरेको छ। सोमबार आयोजित एक कार्यक्रमका बीच फुलबारीले नगर प्रमुख शिवराज सुवेदी र उप-प्रमुख गोमा आचार्यलाई सम्मान गरेको हो। बुटवल उप-महानगरपालिका फुलबारीको संरक्षक संस्थाको रूपमा रहेको छ। जितगढीको विकासलाई समेत ध्यान दिन आग्रह गरे। कार्यक्रममा बोल्दै उपमेयर गोमा आर्चायले फुलबारी बुटवलको गहना भएको चर्चा गर्दै यसको विकासका लागि उप-महानगरपालिकाले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन्।

## जनकपुर-जलेश्वर सडकखण्डमा सास्ती

जनकपुरधाम। वर्षौंदेखि जनकपुर-जलेश्वर सडकखण्ड जीर्ण रहे तापनि राज्यलेको बेवास्ताका कारण यस क्षेत्रका जनता सास्ती खेप्न बाध्य भएका छन्। लगातारको वर्षाका कारण जनकपुर-जलेश्वर सडकखण्ड पुन: अवरूद्ध भएको छ। बाटोमा पानी जमेर यातायातका साधन फस्ने र दुर्घटना हुने सम्भावना बढेको हो। भीषण वर्षा हुँदा जिल्लाका जलेश्वर-जनकपुरसहित जलेश्वर-मटिहानी, जलेश्वर-भिट्ठामोड, जलेश्वर-सम्सी, जलेश्वर-रौजालगायत बाटोमा यातायात ठप्प हुँदै आएका छन्। जनकपुर-जलेश्वर सडकखण्ड पुनर्निर्माणका लागि तत्कालीन मन्त्री रमेश लेखकले शिलान्यास गरेपछि अहिलेसम्म काम पूरा हुन सकेको छैन।

## प्राविधिक परीक्षामा दुई जना सफल

रौतहट। श्री उच्च माध्यमिक विद्यालय पथरा बुधराम रौतहटका लागि भएको प्रशिक्षक तथा सहायक प्रशिक्षक पदको परीक्षामा दुई जना उम्मेदवार सफल भएका छन्। सदरमुकाम गौरस्थित अगुवा स्रोत केन्द्रमा शुक्रबार छनौट समितिले लिएको लिखित र मौखिक परीक्षामा प्रशिक्षक पदमा जोग नारायण साह र सहायक प्रशिक्षक पदमा शिव शंकर प्रसाद यादव सफल भएका हुन्। इन्जिनियर पदका लागि २ तथा सब ओभरसियरका लागि ३ गरी ५ जना परीक्षामा सहभागी भएको छनौट समितिका अध्यक्ष राम एकवाल प्रसाद त्यागीले बताएका छन्। विषयगत विशेषज्ञ इन्जिनियर त्रिपुरारी कुमार गुप्ता र सव ओभरसियरका लागि प्रदुम्न कुमार वर्माले प्रश्न पत्र त्यार गरी परीक्षा लिएका थिए। शान्तिपूर्ण एवं निष्पक्ष रूपमा भएको परीक्षामा विद्यालय निरीक्षक राजकिशोर झा, सदस्य सचिव राजेन्द्र साह, स्रोत व्यक्ति पुरूषोत्तम मिश्रा, संचारकर्मी राकेश कुमार यादव सहभागी रहेको समितिले जनाएको छ।

## जग्गा ठगी गर्ने ठूलो गिरोह पक्राउ

नेपालगन्ज। नक्कली जग्गा धनि बनी जग्गा ठगी गर्ने मालपोत कार्यालय बाँकेका कर्मचारी सहितको ठूलो गिरोहलाई प्रहरीले पक्राउ गरेको छ। साविक कारकादौं गाविस २ हाल नेपालगन्ज उपमहानगरपालिका १८ का ७८ बर्षिय मालती कुम्हारको १२ कठ्ठा १६ धुर अन्दाजी एक करोड दुई लाख ४० हजार रूपैयाँ मूल्यको जग्गाको जग्गा धनी उपस्थित नै नभई जग्गाधनीको ल्याप्चे सहिछाप किर्ते गरी संरक्षकसमेत नक्कली बनाई २०७३ असार ३१ गते मालपोत कार्यालय बाँकेबाट राजिनामा पास भएको पाइएको छ। साबिक रनियापुर १ हाल खजुरा गाउँपालिका ८ का मो.ईसहाक खाँको नाममा राजिनामा पास गरी उक्त जग्गा तत्काल अन्य व्यक्तिहरूको नाममा राजिनामा पास गरी ठगी गरेको पाइएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी उपरीक्षक टेकप्रसाद राईले जानकारी दिए।

## जनप्रतिनिधिलाई विद्यालयद्वारा सम्मान

कपिलवस्तु। कपिलवस्तुको शिवराज नगरपालिकाका नवनिर्वाचित नगरप्रमुख नेत्रराज अधिकारीले शिवराजलाई सुन्दर, समुन्नत र उत्कृष्ट नगर बनाउने उदघोष गरेका छन्। सरस्वती निमावि शिवपुर कपिलवस्तुद्वारा आयोजित नवनिर्वाचित जनप्रतिनिधिलाई सम्मान कार्यक्रममा बोल्दै नगरप्रमुखअधिकारीले यस्तो बताएका हुन्। कार्यक्रमलाई सम्बोधन गर्दै उनले शिक्षा, स्वास्थ्य, कृषि सिंचाई र पूवार्धारका कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाए। मधेशी र पहाडी बीचको दूरीलाई कम गर्दै जातीय र सामाजिक सद्भाव कायम गर्न पहलकदमी चाल्ने उनले बताए। एक्लो प्रयासले केही हुँदैन, आफ्नो टिमलाई सबैको साझाको रूपमा अगाडि उभ्याई आमनागरिकको भावनाको कदर गर्दै सबैले महसुस हुने गरी काम गर्ने उनले बताए। नवनिर्वाचित उपमेयर शिवकुमारी चौधरीले पछाडि परेका थारू समुदायलाई शिक्षाको मूल प्रवाहीकरणमा ल्याउन पहिलो कदम चाल्ने प्रतिबद्धता जाहेर गरिन्।

## डुबानबाट सुरक्षाका लागि पूर्वतयारी

बाँके। बाँके जिल्लामा वर्षेनी बाढीबाट हुने क्षति न्यून गर्न पूर्वतयारी थालिएको छ। बाढी तथा डुबानबाट नागरिकको सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाइएको हो। मनसुन शुरू भएपछि सम्भावित बाढी तथा डुबानबाट नागरिकलाई पूर्व सूचना दिने पद्धतिलाई पनि सक्रिय बनाइएको छ भने उद्धार तथा राहतका लागि विपद् पूर्वतयारीका सम्पूर्ण कार्यक्रमसमेत सञ्चालनमा ल्याइएको छ। मध्यपश्चिमाञ्चलका पहाडी जिल्लासहित बाँकेमा विगत तीन दिनदेखि निरन्तर वर्षा भइरहेकाले राप्ती नदीमा आउन सक्ने बाढी तथा खहरे खोलामा आउन सक्ने भेललाई समेत दृष्टिगत गरी प्रतिकार्य योजना तयार पारिएको जनाइएको छ। बाँके जिल्लाको गङ्गापुरमा तयारी खाना (फास्ट फुड) भण्डारण गरी राखिएको छ। बाढीबाट प्रभावित हुने सम्भावित स्थानमा उद्धारकर्मीलाई समेत तयारी अवस्थामा राखिएको छ।

## गुट्खा उद्योगमा शिलबन्दी

कपिलवस्तु। गुणस्तरहीन सामग्री उत्पादन गरेको भन्दै कपिलवस्तुको कृष्णनगर नगरपालिका ८, बहादुरगंजस्थित 'शुद्धप्लस गुट्खा'उद्योगमा जिल्ला प्रशासनले शिलबन्दी गरेको छ। हाडिर्जाड फेग्नेन्स इन्डस्ट्रिजले उत्पादन गर्दै आएको 'शुद्ध प्लस' गुट्खाले मापदण्ड पूरा नगरेको सहायक प्रमुख जिल्ला अधिकारी रामेश्वर अर्यालले बताए। उनकै नेतृत्वमा गएको बजार अनुगमनको टोलीले उद्योगबाट उत्पादित सुर्तीजन्य पदार्थ मापदण्ड विपरीत भएको भन्दै उद्योगमा छापा हानेको हो। उद्योगमा खानतलासी गर्ने क्रममा २ किसिमका गुट्खा 'खाद्यबस्तुको अनुगमन गर्ने निकायका प्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षा निकाय, पत्रकारसहितको अनुगमन टोलीले कम्पनीमा उत्पादित वस्तु कमसल खालको भेटियो। करछलीको विषयमा सम्बन्धित निकाय राजस्वलाई अनुसन्धान गर्न निर्देशन दियौं,' उनले भने।

## विराटनगर महानगरपालिकामा कांग्रेस विजयी

विराटनगर। विराटनगर महानगरपालिकामा नेपाली कांग्रेस विजयी भएको छ। कांग्रेसका उम्मेदवार भीम पराजुलीले २३ हजार ३१ मत प्राप्त गरी विजयी भएका छन्। उनका निकटतम् प्रतिद्वन्द्वी नेकपा (एमाले)का विनोदकुमार ढकालले १७ हजार ३२२ मत प्राप्त गरेका थिए भने तेस्रो स्थानमा सङ्घीय समाजवादी फोरम नेपालका उमेश यादवले १४ हजार ९५८ मत प्राप्त गरेका थिए। त्यस्तै, उपप्रमुख पदमा काँग्रेसकी इन्दिरा कार्की २० हजार १४६ मत प्राप्त गरी विजयी भएकी छन्। उन्नाइसवटा वडा रहेको विराटनगर महानगरपालिकामा काँग्रेसले १, ३, ४, ७, ८, ९ र १६ वडा गरी सातवटा अध्यक्षलगायत सदस्य पदमा समूहगत रूपमा र वडा नं १९मा काँग्रेसका विद्रोही समूहले जितेको छ। सङ्घीय समाजवादी फोरमले १२, १३, १४, १५,१७ र १८ गरी छवटा वडामा, नेकपा (एमाले)ले २, ५ र ११ गरी तीनवटा वडा र माओवादी केन्द्रले वडा नं ६मा जित हात पारेको छ भने वडा नं १०मा स्वतन्त्रले जित हात पारेको छ।

## आठ जनाको जमानत जफत

कैलाली। निर्वाचनमा खसेको सदर मतको १० प्रतिशत मत प्राप्त गर्न नसक्ने उम्मेदवारको जमानत जफत हुने कानूनी प्रावधानका कारण धनगढी उपमहानगरपालिकाको प्रमुखमा उम्मेदवारी दिएका विभिन्न दलका सातजनाको जमानत जफत भएको छ। राप्रपाका विष्णुबहादुर साहु, नयाँ शक्ति पार्टीका कृष्णनन्द गिरी, नेमकिपाका सुर्जन तिवारी, राष्ट्रिय जनमोर्चाका कृष्णप्रसाद चौधरी, नेपाल परिवार दलका खड्कसिं नागरी, नेकपा संयुक्तका अक्कलबहादुर विष्ट र नेपाल लोकतान्त्रिक फोरमका प्रेम बिसीको जमानत जफत भएको निर्वाचन कार्यालयले जनाएको छ। यसैगरी, उपप्रमुखमा उम्मेदवारी दिएका आठ जनाको जमानत जफत भएको छ। जमानत जफत हुनेमा नयाँ शक्ति पार्टी, राप्रपा, नेपाल लोकतान्त्रिक फोरम, राजमो, नेमकिपा, नेपाल परिवार दलका प्रत्यासी र दुईजना स्वतन्त्र उम्मेदवार रहेका छन्।


एमाले'मात्र'लाई गाली गरेर मधेश आन्दोलनले केही पाउन सक्दैन भन्दा उतिबेला गाली खाइयो । गाली गर्नेहरू नै आज एमालेसँग संवाद चलिरहेको जानकारी दिँदैंछन् । **तुलानारयण साह**


मधेश राजनीतिमा तत्काल प्रभावकारी शान्तिपुर्ण संघर्षको सम्भावना न्यून छ र राज्यसत्ता महत्वाकांक्षी भएका छन् र सम्झौताको मुडमा छैन । यस्तोमा निर्णायक आन्दोलनको लागि लामो तयारी र प्रतीक्षा गर्नुपर्ने देखिन्छ जसको लागि राजपा सक्षम देखिदैंन । **काशिन्द्र यादव**


राजपा नेपालले तेस्रो चरणको निर्वाचनमा भाग लियो भने उसले पहिलो र दोस्रो चरणको निर्वाचन किन वहिष्कार गऱ्यो भन्ने पुष्टि गर्नुपर्छ । यदि उसले पुष्टि गर्न सकेन भने उसको राजनीतिक धरातल कमजोर छ भन्ने पुष्टि हुन्छ । **निमेष झा**


राजपा लगायत मधेशी दलहरू अझै भिडलाई देखेर राजनीतिमा रूमलिएका छन् जो सत्य होइन, राजनीतिका लागि संगठन चाहिन्छ भिड होइन । भिडले एक मौका दिन्छ पटक-पटक होइन । **सुरेश कुमार यादव**


मधेशका गाउँगाउँमा गरीबहरूलाई साहुसँग कर्जा नलिए बाँच्न मुश्किल छ । यहाँका अति विपन्न तथा बेरोजगार परिवारले छोरीको बिहेमा दिनुपर्ने तिलक र दहेज, कामको खोजीमा खाडी र मलेशिया जाँदा तिर्नुपर्ने पैसाका लागि साहूमहाजनसँग ऋण लिनैपर्ने बाध्यता छ । **रिता साह**


फोरम-राजपा-लोकतान्त्रिकहरूमा पनि "राष्ट्रिय भूत" नै सवार भएपछि र उहीं "चेङ्वामेङ्वा"हरूले त्यहाँ चौतर्फी घेराबनाएपछि मधेशीले किन यीनीहरूलाई नै भोट दिने ? "राष्ट्रिय पार्टी"लाई नै भोट दिनुछ भने कांग्रेस, एमाले र माओवादी मै ठिक नी । के को खुद्रा पसल ? थोकतिरै जाने नी । **वीरेन्द्र के.एम**


राजपाले जनकपुरमा आफ्नै कार्यकर्तालाई पुत्ला जलाउन किन उचाल्नु परेको होला । आफ्नो विचलन र दिशाहीनता किन दुनियाँलाई देखाउनु पऱ्यो । एमालेसँग मीत जोडेको राजपाले अझै कति नौटंकी गर्ने हो हेर्दै जाम । **महेश चौरसिया**


चुनावमा लज्जास्पद हार व्यहोर्नेहरूको झुण्डले किन चुनाव चाहन्थ्यो र ? लोकतन्त्रको गहना भनेकै चुनाव हो । आफ्नो माग स्थापित गराउन आन्दोलन र चुनाव दुबै आवश्यक छ । मधेशमा आन्दोलनको अवस्था त सबैले देखि नै सके , अब चुनावलाई उपयोग गरौं । **अफरोज अर्पण**


मधेश मुलका सब भारतीय हुन् भन्ने सोच कायमै भएको भए काठमाडौंमा म दैनिक कुटिन्थे होला । काठमाडौंको आखाँ फेरिईसक्यो, हाम्रो नि फेरौं । **साजन झा**


यता गर्यो, उता गर्यो, महिना र बर्ष बितायो, अनि फेरि भन्यो- 'एमालेले मानेन, संविधान संशोधन नहुने भो । नेपाली कांग्रेस र माओवादी केन्द्रको गठबन्धन टिकाउने बहाना । **रामेश्वर बोहरा**

# नेपाली उत्पादनहरूले सहज प्रवेश पाउनुपर्नेमा राजदूतको जोड

भारत । भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले भारतसँगको व्यापार घाटा नेपालको मुख्य सरोकारको विषय भएको बताएका छन् । दिल्लीस्थित नेपाली दूतावास र भारतको थिङ्क ट्याङ्क इन्स्टिच्युट फर डिफेन्स स्टडिज एन्ड एनालाइसिसले भारतको आन्ध्र प्रदेशस्थित विसाखापटनममा बुधबार संयुक्त रूपमा गरेको नेपाल-भारत व्यापार, पारवहन र कनेक्टीभिटी विषयक विज्ञहरूको कार्यशालामा उपाध्यायले नेपाली उत्पादनहरूले भारतमा सहज प्रवेश पाउनुपर्नेमा जोड दिए ।


भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्याय

माथिल्लो तहमा मन्त्रालयमा कुरा गर्दा सबै ठीक हुन्छ तर सिमानामा बेला बेलामा समस्याहरू देखिने गरेको उनको भनाइ छ । उपाध्यायले दूरीको हिसाबले कलकत्ता र हल्दिया भन्दा विसखापटनम केही टाढा भए पनि मूल्यको हिसाबले विसखापट्नम वन्दरगाह निकै उपयोगी हुने बताए ।

कार्यक्रममा नेपाल र भारतका विभिन्न विज्ञहरूले दुई देशको व्यापार, पारवहन, कनेक्टीभिटी लगायत विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरेका छन् ।

# घटना र विचार २३औं वर्षमा प्रवेश



*घटना र विचार साप्ताहिक पत्रिका २३औं वर्ष प्रवेश गरेको अवसरमा आयोजित कार्यक्रममा सहभागीहरू ।*

काठमाडौं । प्रत्येक बुधबार प्रकाशित भइरहेको बुधबार साप्ताहिक २३औं वर्षमा प्रवेश गरेको छ । २३औं वर्षमा प्रवेश गरेको अवसरमा पत्रिकाले आयोजना गरेको एक समारोहका बीच आफ्नो अनलाइन पोर्टलसमेत सञ्चालन गरेको छ । सर्वोच्च अदालतका कामु प्रधानन्यायाधीश गोपाल पराजुलीले www.ghatanarabichar.com को शुभारम्भ गरेका थिए । सो कार्यक्रममा कामु प्रधानन्यायाधीश पराजुलीले शुभकामना दिँदै सत्यतथ्य समाचार प्रकाशनका लागि सुझाव दिएका थिए ।

घटना र विचारका प्रधानसम्पादक देवप्रकाश त्रिपाठीले निष्पक्ष र व्यावसायिक पत्रकारिताका लागि आफू प्रतिबद्ध रहने जनाएका थिए । सो कार्यक्रममा नेपाली कांग्रेसका नेता डा. रामशरण महत, पूर्णबहादुर खडका, कृष्ण सिटौला, नेकपा एमालेका नेता शंकर पोखरेल, नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ, राष्ट्रिय प्रजातन्त्र पार्टीका राजेन्द्र लिङ्देन, राष्ट्रिय जनता पार्टी नेपालकी नेतृ चन्दा चौधरी लगायतले शुभकामना दिएका थिए ।

# आमसञ्चार नीति र कार्यान्वयन विषयमा अन्तर्क्रिया

**सँगीता रेग्मी**




धुलिखेल । राष्ट्रिय आमसञ्चार नीति र कार्यान्वयन विषयको दुईदिने अन्तर्क्रिया कार्यक्रम बिहीबार सम्पन्न भएको छ । बुधबारदेखि काभ्रेपलाञ्चोकको धुलिखेलमा शुरू भएको अन्तरक्रिया कार्यक्रम सूचना तथा सञ्चार मन्त्रालय र राष्ट्रिय आमसञ्चार नीति कार्यान्वयन उच्चस्तरीय सुझाव समितिले आयोजना गरेको थियो । सूचना तथा सञ्चारमा पहुँच पुऱ्याउन र सूचनाको हकलाई थप व्यवस्थित गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा आमसञ्चार संस्थाको पुन:संरचना कसरी गर्ने, आमसञ्चार नीतिलाई कसरी कार्यान्वयन गर्ने र आमसञ्चार ऐनको मस्यौदाको विषयमा कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल भएको थियो ।

अन्तर्क्रियामा राष्ट्रिय समाचार समिति, गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनको जिम्मेवारी र भूमिका कस्तो हुने भन्ने विषयसँगै अन्य मन्त्रालय र संस्थानको भूमिका कस्तो रहने भन्ने विषयमा पनि छलफल भएको थियो । कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरूङले उच्चस्तरीय सुझाव समितिले केही काम गरिसकेको जानकारी दिँदै अब हुने छलफलले तयार पारेका मस्यौदालाई समेत अन्तिम रूप दिन सहयोग पुग्ने बताए ।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष भवानी बराल, प्रजिअ शिवप्रसाद सिंखडालगायतले आमसञ्चार नीति तथा कार्यान्वयन गर्नमा खेल्नुपर्ने भूमिकाका बारेमा बोलेका थिए । कार्यक्रममा संघीय संरचनामा सूचना तथा सञ्चार क्षेत्रको पुन:संरचनाका विषयमा कविराज खनाल, राष्ट्रिय सञ्चार नीति कार्यान्वयनका सन्दर्भमा गर्नुपर्ने व्यवस्थाका विषयमा डा राजेश अहिराज र आमसञ्चारसम्बन्धी ऐनको प्रारम्भिक स्वरूपका विषयमा गुणराज श्रेष्ठले कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा नेपाल टेलिभिजनका अध्यक्ष महेश दाहाल, राष्ट्रिय समाचार समितिका महाप्रबन्धक ओपेन्द्र शर्मा, गोरखापत्र संस्थानका महाप्रबन्धक सुशील कोइराला र रेडियो नेपालका कार्यकारी निर्देशक सुरेशकुमार कार्कीलगायतको सहभागिता रहेको थियो ।

# पूर्वराजाले मनाए ७१औं जन्मदिन


ज्ञानेन्द्र शाह

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले शुक्रबार ७१ औं जन्मदिन मनाएका छन् । पूर्वराजा शाहले आफ्नो जन्मदिनको अवसरमा एक वक्तव्य जारी गरी 'नेपाली हामी रहौंला कहाँ नेपालै नरहे' भन्ने सन्देश दिएका छन् । उनले राष्ट्रियता, सार्वभौमता र राष्ट्रिय एकता कायम गर्न सबै एकजुट हुनुपर्ने धारणा राखेका छन् । निर्मल निवासमा पूर्वराजा शाहलाई शुभकामना व्यक्त गर्ने सर्वसाधारणको उपस्थिति उल्लेख्य मात्रामा देखिएको थियो । उनलको जन्मदिनको उपलक्ष्यमा शुभकामना दिन विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता तथा शुभेक्छुकहरू पुगेका थिए ।

# बस र जीप ठोक्किँदा एकको मृत्यु

धनुषा । स्कुल बस र विपरीत दिशाबाट आइरहेको जिप ठोकिँदा एकको मृत्यु भएको छ भने नौ जना घाइते भएका छन् । जनकपुर उपमहानगरपालिका-१४ मुजेलियास्थित बाबा पेट्रोल पम्प नजिकै उत्तरतर्फबाट आउँदै गरेको ना १ प ४८०५ नंको स्थानीय मोनाष्टिक स्कुलको बस र जनकपुरतर्फबाट गइरहेको को १ च ८५१७ नंको स्कारपियो जिप ठोकिँदा सिरहाको लहान नगरपालिका-१२ की ललिता चौधरीको घटनास्थलमै मृत्यु भएको छ ।

## आर्थिक समाचार

### एनसेलका प्रबन्ध सञ्चालक अमरासेकरा



काठमाडौं । सुरेन जे. अमरासेकरा नेपालको अग्रणी मोबाइल सेवा प्रदायक कम्पनी एनसेल प्राइभेट लिमिटेडको नयाँ प्रबन्ध सञ्चालक पदमा नियुक्त भएका छन् । अमरासेकरालाई एनसेलको सञ्चालक समितिले नयाँ प्रबन्ध सञ्चालकमा नियुक्त गरेको हो । साथै एनसेलका पुर्व प्रबन्ध सञ्चालक साइमन जोन पर्किन्सले आजीयाटाको प्रधान कार्यालयमा रही दक्षिण एशिया बजारमा कम्पनीको सञ्चालनलाई सहयोग गर्ने गरी नयाँ कार्यभार सम्हाल्ने छन् । नयाँ प्रबन्ध सञ्चालक अमरासेकराले विश्वका विभिन्न प्रख्यात बहुराष्ट्रिय कम्पनीहरू जस्तै सिङ्गापुर टेलिकम्युनिकेसन्स् लिमिटेड (सिङ्गापुर), मोबीटेल (श्रीलङका), म्याक्सिस बर्हाद (मलेसिया) र एयरसेल लिमिटेड (भारत) मा काम गरिसकेका छन् । ९ वर्ष प्रमुख कार्यकारी अधिकृतका रूपमा र १६ वर्ष उच्च व्यवस्थापनको विभिन्न पदहरूमा रही काम गर्दै उनले दूरसञ्चार क्षेत्रमा २५ वर्षको विस्तृत अनुभव संङ्गालेका छन् । अमरासेकरा एनसेलमा प्रबन्ध सञ्चालकको रूपमा नयाँ कार्यभार सम्हाल्न लाग्नु भएकोमा एनसेलको सञ्चालक समितिले खुशि व्यक्त गरेको छ ।

### एकिकृत कारोबार



काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले रिलायबल डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरी एकिकृत कारोबार सञ्चालन गरेको छ । अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले संयुक्त कारोबार सञ्चालन शुभारम्भ **समारोह**को समुद्घाटन गरेका छन् । बिगत ११ वर्षदेखि बैंकिङ्ग कारोबार गर्दै आएको राष्ट्रिय स्तरको रिलायबल डेभलपमेन्ट बैंकले ग्रामिणस्तरसम्म १७ वटा शाखा मार्फत बैंकिङ्ग कारोबार गर्दै आएको र उक्त बैंकको रू.८ अर्व निक्षेप, रू.७ अर्व कर्जा तथा रू.१ अर्व १ करोड चुक्ता पूँजी रहेको थियो । ग्लोवल आई एम ई बैंक लि नेपाल सरकार एवं नेपाल राष्ट्र बैंकको मर्जर र प्राप्ती नितिलाई अंगिकार गर्दै हालसम्म १० वटा बैक तथा वित्तिय संस्थाहरूलाई सफलता पुर्बक मर्जर र प्राप्ती गरी पूँजीको हिसाबले निजी क्षेत्रको दोस्रो ठुलो बैंक बनेको छ । यस प्राप्ती पश्चात् ग्लोबल आइएमई बैंकको चुक्ता पूँजी ८ अर्ब ८ करोड पुगेको छ भने रू. कुल निक्षेप ९७.७० अर्व, कर्जा लगानी रू. ८२ अर्व, शाखा संख्या ११२, भारत तथा अस्ट्रेलियामा प्रतिनिधि कार्यालय, एटिएम ११४, ५ वटा एक्सटेन्सन काउण्टर, ४६ शाखारहित बैंकिङ्ग सेवा तथा ग्राहक संख्या ७ लाख भन्दा बढि पुगेको छ ।






मिथिला दर्शन टीभी
कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं